# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

# Local Disaster and Climate Resilience Plan (LDCRP)

तयार गर्ने :

**लुम्बिनी प्रदेश**

**गेरुवा गाउँपालिका, बर्दिया**

**२०७९/२०८०**

## दस्ताबेजको नाम : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

Document Name: Local Disaster and Climate Resilience Plan (LDCRP)

**तयार गरिएको वर्ष :** २०७९/२०८०

**योजनाको अबधिः** आ.व. २०७९/०८० देखि ०८४/०८५ सम्म (५ बर्ष)

**तयार गर्ने : गेरुवा गाउँपालिका**

**आवरण चित्र** : गेरुवा गाउँपालिकाको भु-उपयोग नक्सा

**आर्थिक सहयोगः** कमैया महिला जागरण समाज नेपाल..................परियोजना

**प्राविधिक सहजिकरणः** महेश चन्द्र गौतम

**गेरुवा गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**पशुपतिनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

## गाउँपालिका अध्यक्षको शुभकामना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित गेरुवा गाउँपालिका विविधताले भरिएको स्थानीय तह हो। मिति २०७३/११/२७ गते विधिवत रुपमा साविकका गोला, पाताभार, पशुपतिनगर र मनाउ गाउँ विकास समितिलाई एकीकृत गरी निर्माण भएको यस गेरुवा गाउँपालिका प्राकृतिक साधन स्रोत, मनोरम वातावरणले भरिपूर्ण अनुपम भौगोलिक क्षेत्र हो । पूर्वमा गेरुवा नदी, उत्तरमा कर्णाली नदि, पश्चिममा कणाली नदी र दक्षिणमा राजापुर नगरपालिका सिमाना रहेको गेरुवा गाउँपालिकाको गाउँ पार्श्वचित्र २०७५ अनुसार ७००० घरधुरी र ४० हजार भन्दा बढी जनसंख्या भएको स्थानीय तह हो। मुख्यतया थारु समुदायको बसोबास रहेको यस क्षेत्रमा ब्राहमण, क्षेत्री र दलित तथा अन्य समुदायको समेत उल्लेखनिय उपस्थिति रहेको पाइन्छ। ६ वटा वडा कार्यालय रहेको यस स्थानीय तह बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ ।

सुन्दरता, विकासको सम्भावना, कृषिको लागि अत्यन्त उर्वर भूमी भए सँगै विपद्का दृष्टिकोणबाट गेरुवा गाउँपालिका देशकै अत्यन्त जोखिम क्षेत्रको रुपमा चित्रित हुन पुगेको छ। भिमकाय कर्णाली नदीको दुई भंगालो बीच अवस्थित यस गाउँपालिका बर्दिया राष्ट्रिय निकुञ्जका जनावरहरु बाट समेत प्रताडित हुन पुगेको छ। मानव-जनावर वीचको द्वन्द्वका घटनाहरु दिनानुदिन बढदै गइरहेका छन भने वाढीको सम्भावना पनि जलवायुमा भईरहेको परिवर्तनले गर्दा झनै जोखिम बढेर गएको देखिन्छ। विगतमा दिनहरुमा राष्ट्रिय रुपमा मात्र विपदको प्रतिकार्यका कार्यक्रम संचालन भईरहेको र यस क्षेत्रसम्म केन्द्रको पहुँच सामान्यमात्र रहेको अवस्थामा गेरुवा गाउँपालिका स्थापना भई जननिर्वाचित पदाधीकारीहरुको बहाली सँगै विपद प्रतिकार्यलाई स्थानीयकरण गरिनुपर्ने महसुश भए बाट गेरुवा गाउँपालिकाले स्थानीय विपद प्रतिकार्य योजना निर्माणको थालनी गर्न पुगेको हो ।

गेरुवा गाउँपालिका स्थापना सँगैको छोटा समयमै विपद सम्बन्धी कानूनहरु निर्माण हुन गई कार्यान्वयनमा गएकोमा प्रथम निर्वाचित जनप्रतिनिधिहरुको महत्वपूर्ण कार्यको रुपमा मैले लिएको छु। उक्त कार्यलाई एक कदम विस्तार गरी यस क्षेत्रमा उत्पन्न हुने सक्ने र भईरहेको प्राकृतिक र गैर प्राकृतिक दुवै प्रकारका विपदहरुको व्यवस्थित एंव योजनाबद्ध ढंगले पूर्वतयारी, सामना गर्ने र व्यवस्थापन गर्ने कार्यलाई लिपीवद्ध गरी स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण भएको छ ।

विगतका दिनहरुमा विपदका घटनाहरुबाट भएका धनजनको क्षतीलाई न्यूनीकरण गर्दै विपदको योजनावद्ध तवरले प्रतिकार्य गर्ने कार्यमा यस योजना कोशेढुगां सावित हुनेमा मैले विश्वास लिएको छु। यस कार्यमा प्रत्यक्ष एंव अप्रत्यक्ष रुपमा सामिल भई योजना निर्माण गर्न सहयोग गर्नु हुने जनप्रतिनिधिहरु, जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला रेडक्रस बर्दिया शाखा, प्रमुख प्रशासकीय अधिकृत कासी प्रसाद पंगेनी लगायत गेरुवा गाउँपालिकाका कर्मचारीहरु, सोनाहा विकास समाज, गुड नेवर्स इन्टरनेसनल, दस्तावेज लेखनकर्ता महेश गौतम र गेरुवा गाउँपालिका विपद सम्पर्क व्यक्ति प्रकाश शर्मा लगायतका संस्था तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा, यस विपद प्रतिकार्यको दस्तावेजले आगामी दिनहरुमा गेरुवा गाउँपालिकामा आउन सक्ने सम्भावित विपदका घटनाहरुलाई दस्तावेजमा उल्लेखित जिम्मेवार व्यक्ति तथा निकायहरु बाट प्रभावकारी रुपमा विपदको सामना गर्न सक्नेमा अत्यन्त सहयोगी सावित हुने अपेक्षा गर्दछु।

धन्यवाद ।

जमान सिँह केसी
अध्यक्ष एंव विपद व्यवस्थापन समिति संयोजक
गेरुवा गाउँपालिका, बर्दिया

## विषय सूचि

**खण्ड क : सामान्य परिचय.............................................................१**

*१.१ पृष्ठभूमि.......................................................................1*

*१.२ विपद्‌को राष्ट्रिय परिदृष्ट.......................................................1*

*१.३ विपद्‌को जिल्ला परिदृष्य.......................................................2*

*१.४ विपद्‌को स्थानीय परिदृष्य.......................................................2*

*१.५ गेरुवा गाउँपालिकाको परिचय.......................................................3*

१.५.१ भौगौलिक अवस्था.......................................................3

१.५.२ शैक्षिक तथा सामाजिक अवस्था.......................................................4

१.५.३ जनसंख्याको विवरण.......................................................4

१.५.४ आर्थिक अवस्था.......................................................8

१.५.५ भौगौलिक तथा प्राकृतिक श्रोतको अवस्था.......................................................8

१.५.६ मानवीय अवस्था.......................................................10

१.५.७ जलवायुजन्य, हावापानीको अवस्था र प्रभाव.......................................................10

१.५.७.१ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन.......................................................10

१.५.७.२ गेरुवा गाउँपालिकाको न्यूनतम र अधिकतम तापक्रम र वर्षाको विवरण.......................................................12

**खण्ड ख : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय.......................................१४**

*२.१ पृष्ठभूमि.......................................................................14*

*२.२ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति.......................................................14*

२.१.१ दीर्घकालिन सोच.......................................................14

२.२.२. लक्ष्य.......................................................14

२.२.३ उद्देश्य.......................................................14

२.२.४ रणनीति.......................................................15

*२.३ योजनाको आवश्यकता तथा महत्व.......................................................15*

*२.४ योजनाको सीमा.......................................................16*

*२.५ योजना निर्माण कार्यविधि.......................................................16*

*२.६ योजना कार्यान्वयन रणनीति.......................................................18*

*२.७ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन र मूल्याङ्कन.......................................................19*

*२.८ योजनाको अध्यावधिकता.......................................................19*

**खण्ड ग : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण.......................................................२०**

*३.१ ऐतिहासिक समयरेखा विश्लेषण.......................................................20*

*३.२ प्रकोपको पहिचान तथा स्तरीकरण.......................................................20*

३.३ प्रकोप तथा सामाजिक श्रोत नक्शाङ्कन........................................................22
३.५ समुदाय तथा वडाहरुको सङ्कटासन्नता स्तरीकरण........................................29
३.६ प्रकोप जोखिम तथा समस्या विश्लेषण खाका ..............................................30
३.७ संवेदनशीलताका क्षेत्र पहिचान तथा विश्लेषण...........................................34
क) संवेदनशीलता स्तरीकरण.................................................................34
ख) संवेदनशीलता विश्लेषण..................................................................35
ग) संवेदनशीलता वृक्ष विश्लेषण.............................................................36
३.८ गेरुवा गाउपालिकाको अनुकूलन क्षमता विश्लेषण.........................................37
३.९ संस्थागत विश्लेषण.................................................................41
३.१० लक्षित समूह छलफल...............................................................42
३.११ जीविकोपार्जन विश्लेषण...........................................................45
३.१२ स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधिको रेखाङ्कन.........................................46
३.१३ अनुकूलन तथा जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण.......................52
४.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका एकिकृत योजना...............54
४.२ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु.............56
४.२.१ नीतिगत व्यवस्था तथा निर्णय ..........................................................56
४.२.२ जनचेतना तथा क्षमता अभिवृद्धि........................................................58
४.२.३ जोखिम न्यूनीकरण ...................................................................60
५.१ योजना अनुगमन तथा मूल्याङ्कन ..................................................68
५.२ योजनाको अद्यावधिकता...........................................................69
अनुसूचि १ : वडा अनुसार प्रकोपको ऐतिहासिक घटनाक्रम ...........................................70
अनुसूचि २ : प्रकोप अनुसार समुदायहरुको स्तरीकरण................................................74
अनुसूचि ३ : वडा अनुसार समुदायको स्रोत तथा क्षमता नक्साङ्कन ....................................75
अनुसूचि ५ : पालिका स्तरीय योजना निर्माण कार्यशाला गोष्ठीका सहभागी विवरण...........................85
अनुसूचि ६ : गेरुवा गाउँपालिका समुदायहरुको विवरण................................................86
अनुसूचि ८ : योजना निर्माण गर्दाका तस्वीरहरु.......................................................87

# चित्र सूचि

चित्र १ : गेरुवा गाउँपालिकाको भू-उपयोग नक्स ........ ८
चित्र २ : प्रकोप सङ्टासन्नता स्तरीकरण नक्साङ्कन ९म्ष्कबकतभच ख्ालिभचबदषिष्तथ :बउ(न्क्ष्क० ........ ९
चित्र ३ :टीकापुर मौसमी केन्द्रको सन १९८४ देखि २०१७ सम्मको तथ्याङ्कमा आधारित औसत मासिक सञ्चित वर्षा, न्यूनतम र अधिकतम तापक्रमको विश्लेषण........ ११०
चित्र ४ :टीकापुर मौसमी केन्द्रको सन १९८४ देखि २०१७ सम्मको तथ्याङ्कमा आधारित वार्षिक कुल वर्षा (मिलिमिटर) को प्रवृति विश्लेषण (Trend Analysis) ........ **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गदृञथङ्गघ.**०
चित्र ५ टीकापुर मौसमी केन्द्रको सन १९८४ देखि २०१७ सम्मको तथ्याङ्कमा आधारित वार्षिक न्यूनतम र अधिकतम तापक्रम (डिग्री सेल्सियस)को विश्लेषण :........ **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गदृञथङ्गघ.**१
चित्र ६ :स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया...... **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गदृञथङ्गघ.**५
चित्र ७ : गेरुवा गाउँपालिकाको प्रकोप तथा सङ्टासन्नता नक्सा........ २३
चित्र ८ :संवेदनशीलता वृक्ष विश्लेषण (क) ........ ३७
चित्र ९ :संवेदनशीलता वृक्ष विश्लेषण (ख)........ ३७
चित्र १० : गेरुवा गाउँपालिका स्थित सरोकारवाला निकायहरु...................... **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गदृञथङ्गघ.**

# तालिका सूचि

तालिका नं. १ : वडा अनुसार जनसंख्याको विवरण........................................................................................ ४
तालिका नं. २ : उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण.......................................................................६
तालिका नं. ३ : जातिगत आधारमा घरधुरी विवरण.......................................................................................७
तालिका नं. ४ : अपाङ्गताको आधारमा जनसंख्या............................................................................................७
तालिका नं. ५ : गाउँपालिकाको भू-उपयोगको विवरण .................................................................................... ८
तालिका नं. ६ : स्थानीय तहहरुको प्रकोप जोखिम आँकलन...............................................................................१०
तालिका नं ७ : वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण तथा योजना तर्जुमा गोष्ठी विवरण ..............................१८
तालिका नं. ८ : वडास्तरीय प्रकोपको पहिचान तथा स्तरीकरण ...................**ङ्चचद्वच! ब्द्वद्वण□कचण थद्व□ घङ्गद्दन्थङ्गघ.**
तालिका नं. ९ : पालिकास्तरीय प्रकोपको स्तरीकरण (pair ranking) ........**ङ्चचद्वच! ब्द्वद्वण□कचण थद्व□ घङ्गद्दन्थङ्गघ.**
तालिका नं. १० : गेरुवा गाउँपालिकाको प्रकोप पात्रो................................................................................... २४
तालिका नं. ११ : गेरुवा गाउँपालिकाको बाली र वनस्पती पात्रो ...................................................................... २६
तालिका नं. १२ : गेरुवा गाउँपालिकाको मौसमी पात्रो..................................................................................२७
तालिका नं. १३ : गेरुवा गाउँपालिकाको वडा अनुसारको सङकटासन्नता तथा क्षमता विश्लेषण ....................................२९
तालिका नं. १४ : गेरुवा गाउँपालिकाको वडाको सङ्कटासन्नता स्तरीकरण (pair ranking) .....................................३०
तालिका नं. १५ :गेरुवा गाउँपालिकाको प्रकोप विश्लेषण खाका......................................................................... ३१
तालिका नं. १६ : गेरुवा गाउँपालिकाको संवेदनशीलताका क्षेत्रको स्तरीकरण...........................................................३४
तालिका नं. १७ : गेरुवा गाउँपालिकाको संवेदनशीलताका क्षेत्र विश्लेषण................................................................३५
तालिका नं. १८ : गेरुवा गाउँपालिकाको स्रोतको उपलब्धता र क्षमताको अवस्था ......................................................३८
तालिका नं. १९ : गेरुवा गाउँपालिकाको संस्थागत विश्लेषण .............................................................................४१
तालिका नं. २० : लक्षित समूह छलफलबाट प्राप्त सूचना ..................................................................................४३
तालिका नं. २१ : गेरुवा गाउँपालिकाको जीवीकोपार्जनका स्रोतहरुको स्तरीकरण .......................................................४६
तालिका नं. २२ : स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधिको रेखाङ्कन...................................................................... ४७
तालिका नं. २३ : जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण...................................................५२
तालिका नं. २४ : गेरुवा गाउँपालिकाको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका एकिकृत योजना५४
तालिका नं. २५ : गेरुवा गाउँपालिकाको नीतिगत व्यवस्था तथा निर्णय ...............................................................५६
तालिका नं. २६ : गेरुवा गाउँपालिकाको संरचनागत व्यवस्था तथा निर्णय.............................................................५७
तालिका नं. २७ : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि जनचेतना तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु.......... ५८
तालिका नं. २८ : गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण योजना ........................................................... ६१
तालिका नं. २९ : गेरुवा गाउँपालिकाको आपतकालीन पूर्वतयारी योजना .............................................................. ६३
तालिका नं. ३० : गेरुवा गाउँपालिकाको विपद्को समयको प्रतिकार्य योजना..........................................................६५
तालिका नं. ३१ : गेरुवा गाउँपालिकाको पुनर्लाभ अन्तर्गत पुनर्स्थापना र पुनर्निर्माण योजना........................................... ६६
तालिका नं. ३२ : अनुगमन तथा मुल्याङ्कन योजनाको रुपरेखा .........................................................................६८

# खण्ड क : सामान्य परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न संविधानमा यस सम्बन्धी व्यवस्था गरेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, जारी गरेपछि नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्यहरुको शुरुवात भएको पाईन्छ। जलवायु परिवर्तन नीति २०६७ (संसोधीत नीति २०७६), भू-उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७० (प्रथम संसोधन २०७५), बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन्। साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिहरु विपद् व्यवस्थापनका क्षेत्रका संस्थागत व्यवस्थाका आधारका रुपमा रहेका छन्।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ (मस्यौदा),स्थानीय अनुकूलन कार्ययोजना खाका २०७६, जलवायु परिवर्तन र संवेदनशीलता जोखिम विश्लेषण विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी बहुसरोकारवाला निकाय -पालिका, वडा कार्यालय, नागरिक मञ्च, सामुदायीक विपद् व्यवस्थापन समिति, शिक्षक, समाजसेवी, महिला स्वयंसेविका, जेठ नागरिक, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक श्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुष लगायत अन्य बुद्धिजीवि) हरुको सहभागितामा जलवायु परिवर्तन अभिमुखिकरण एवं स्थानीय उत्थानशील योजना तर्जुमा गोष्ठीबाट आगामी ५ वर्षका लागि विपद् तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरिएको छ। यस योजनाबाट यहाँका वासिन्दाको अनुकूलन क्षमता तथा समुत्थानमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई यस वडाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रियामार्फत गाउँपालिका तथा वडा कार्यालय, जिसस लगायत राष्ट्रिय योजनामा समेत समावेश गरिने छ। यस गाउँपालिकामा सञ्चालन हुने अन्य विकास कार्यसमेत जलवायु परिवर्तन अनुकूलन तथा समुत्थान मैत्री बन्दै जाने विश्वास गरिएको छ। यो योजनाको कार्यान्वयनको प्रत्येक चरणमा महिला संवेदनशीलतालाई ध्यान राख्दै क्रियाकलाप सञ्चालनमा बढी भन्दा बढी गर्भवती महिला तथा २ वर्षमुनीको बालबालिका र विपन्न वर्गको सहभागितालाई सुनिश्चित गरिनुका साथै समावेशीकरणलाई प्राथमिकता प्रदान गरिने छ।

## १.२ विपद्को राष्ट्रिय परिदृष्य

भिरालो र कमजोर भौगोलिक संरचना, चलायमान भौगर्भिक अवस्थाका, बदलिदो हावापानी र मानवीय असावधानिका कारण नेपाल प्राकृतिक र गैरप्राकृतिक बहु प्रकोपको उच्च जोखिममा रहेको छ। देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागि, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहु प्रकोपहरुको जोखिममा रहेका छन्। विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा र समग्र विपद्का हिसाबले २० औं विपद् सङ्कटासन्न राष्ट्रको रुपमा सुचिकृत छ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ। विभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथ्याङ्क व्यवस्थापन शाखाले प्रस्तुत गरेको तथ्याङ्क अनुसार विगत दुई वर्षमा कुल २,९४० विपद्का घटनाहरु मध्ये १३ प्रकारका विपद्हरुको अभिलेख गरको छ। विपद्का कुल घटनाहरुमध्ये सबैभन्दा बढी आगलागिका घटना भएको उल्लेख छ। यो समयमा १,८५६

वटा आगलागिको घटना भएको देखिएको छ । त्यसैगरी २९९ स्थानमा चट्याङ २९० वटा पहिरो, २४४ स्थानमा बाढी र ११८ अतिबृष्टिका घटनाहरु भएका छन् । मृत्यु, बेपत्ता र घाइतेको तथ्याङ्क हेर्दा भुकम्प बढी क्षति पुर्याउने विपद्को घटना हो । सन २०१५ र २०१६ मा विपद्का विभिन्न घटनामा परी ९,७०८ जना मानिसहरुको मृत्यु भएकोमा २०१५ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८,९७० जना अर्थात ९२.५ प्रतिशत मानिसहरुको मृत्यु भएको उल्लेख गरको छ । भूकम्प, बाढी, पहिरो, आगलागि, हावाहुरी, शीतलहर, माहामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिइरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, माहामारी, आगलागि, सर्पदंश जस्ता प्रकोपका कारण मानव क्षति बढीरहेको छ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन भने करिब १,९०० व्यक्तिको मृत्यु हुने र १,३०० मानिसहरु घाइते तथा अंगभंग हुने परिदृष्य पछिल्लो तथ्यांकले देखाएको छ । यसबाट दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसहरुको मृत्यु हुने गरेको छ *(संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०१६)*।

## १.३ विपद्को जिल्ला परिदृष्य

बर्दिया जिल्ला प्रकोप तथा विपद्को दृष्टिले उच्च जोखिम भएको जिल्ला हो । खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोगको अभ्यास, असुरक्षित संरचना निर्माण जस्ता कारणले भू-क्षय, सुख्खा खडेरी, आगलागी एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भईरहेको छ। बर्दिया जिल्लामा रहेका प्रमुख प्रकोपहरु निम्नानुसार छन् - १) बाढी २) जनावरको आतंक ३) आगलागी ४) सडक दुर्घटना ५) हावाहुरी ६) महामारी ७) शितलहर ८) खडेरी ९) असिना । यस बाहेक भुकम्प र रोग तथा महामारी पनि यस जिल्लाका प्रकोपका रुपमा देखिएका छन् । बर्दिया जिल्लामा रहेका पुराना विद्यालय, सार्वजनिक तथा नीजि संरचनाहरु प्रायः प्राविधिक परामर्श बिनानै निर्माण गरिएकाले पुराना संरचनाहरु भूकम्पीय दृष्टिकोणबाट अति संवेदनशिल रहेका छन् ( जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ बर्दिया )

बर्दिया जिल्लाको मध्य पश्चिमी भागमा मानसरोवरबाट आउने कर्णाली नदी र जिल्लाको मध्यभागवाट दाङ्ग हुँदै आएको बबई नदी बग्दछन् भने पश्चिमपट्टी कैलाली र बर्दियाको सिमाना हुदै कर्णालीको अर्को भङ्गालो बग्दछ, त्यस्तै पूर्वमा मान खोला बीचमा बवई नदी, भादा नाला, बुढी नाला, डडुवा नालाझरन गरि करिब एक सय बढि नदी नाला  बग्दछन् । बाढीले बर्षेनी बर्दियावासीलाई डुबान, कटान, पटान जस्ता बाढीजन्य विपद्मा पारिरहेका हुन्छन् । २०७१ सालमा गएको भिषण बाढीले बर्दिया जिल्लामा ठुलो धनजनको क्षति भएको थियो । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दियाको सर्वेक्षणको तथ्यांक अनुसार २०७१ सालमा आएको बाढी तथा डुवानले २१ गाविस र २ नगरपालिकाका १७,३७६ परिवार प्रभावित भएको, जस्मा पुर्णरुपमा क्षति भएको घर संख्या ३,८५९ र आंशिक रुपमा क्षति भएको १३,५१७ रहेको थियो भने ९३,०३० जनसंख्या प्रभावित भएको पाइन्छ । यस्तै नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय आपतकालिन संचालन केन्द्रको तथ्यांक अनुसार मृत्यु ३१ र वेपत्ता १५ रहेको जनाएको छ भने करीव ३ अरव ७५ करोड जतिको आर्थिक क्षति भएको छ । यसैगरी बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र तथा भारतको निकुञ्जबाट आउने जङ्गली जनावर लगायतले मानिस, बालीनाली, घर, सम्पत्ति, पशु लगायतको क्षति नोक्सानी बर्षेनी पुराइरहेका छन् ( जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ बर्दिया ) ।

*(जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, बर्दिया, २०७९)*।

## १.४ विपद्को स्थानीय परिदृष्य

उपोष्ण जलवायु रहेको यस क्षेत्रमा समथर, एकरुप र होचो धरातलीय अवस्था तथा मौसमजन्य परिवर्तनका कारण देखिने विपद्को जोखिम अनुसरको समय तालिका हेर्दा चैत्र देखि जेठ सम्म खडेरी तथा आगलागिको जोखिम रहेको छ । बाढीको जोखिम असार देखि भदौ सम्म, शीतलहरको जोखिम पौष तथा माघ, माहामारीको जोखिम जेठ देखि भदौ सम्म सर्पको टोकाइ जेठ देखि भदौसम्म र जंगली जनावरबाट सबै महिना क्षति हुने गरेको देखिन्छ ।

गेरुवा गाउँपालिकाभित्र जोखिमयुक्त स्थानमा बसोबास गर्ने घरपरिवार संख्या जम्मा १९८२ रहेको छ । जसमध्ये; सबैभन्दा अत्याधिक १,४८५ घरपरिवार बाढीका कारण जोखिमयुक्त क्षेत्रमा रहेका छन् भने नदी कटानका कारण जोखिमयुक्त क्षेत्रमा रहेका घरपरिवार संख्या ४९७ रहेको छ । सबैभन्दा अधिक जोखिमयुक्त स्थानमा बसोबास गर्ने

घरपरिवार वडा नं. १ मा रहेका छन् भने सबैभन्दा न्यून वडा नं. ६ मा रहेका छन ।विपद्का कारण विगत तीन वर्षमा रु ६ करोड ९५ लाखभन्दा बढीको क्षति भएको देखिन्छ । क्षतिको अवस्था हेर्दा ४३० परिवारको गोठ, १४३ घरपरिवारको पशुपन्छी र २,२६५ परिवारको बालीनाली तथा जग्गा र ९ घरपरिवारको अन्य क्षति भएको छ । वडागत रुपमा हेर्दा सबैभन्दा अधिक क्षति वडा नं. ५ मा भएको देखिन्छ ।यस गाउँपालिकाभित्र विगत तीन वर्षमा कुल विपद्का कारण १७ जनाको मृत्यु र ३५ जना घाइते भएको देखिन्छ । सबै भन्दा बढी सर्पदंशबाट २८ जना घाइते र १० जनाको मृत्यु भएको छ । बाढीबाट ६ जनाको मृत्यु तथा २ जना घाइते र चट्याङबाट एक जनाको मृत्यु तथा २ जना घाइते भएको देखिन्छ *(गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७७)*।

## १.५ गेरुवा गाउँपालिकाको परिचय

गेरुवा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको छ । यस गाउँपालिकामा साविकका पाताभार, गोला, पशुपतिनगर, मनाउ गरी ४ ओटा गा.वि.स. समावेश गरी ६ वटा वडाहरु कायम गरिएको छ ।

### १.५.१ भौगौलिक अवस्था

लुम्बिनी प्रदेशको पश्चिम सिमानामा रहेका स्थानीय तहहरू मध्ये गेरूवा गाउँपालिका एक हो । पूर्व : कर्णाली(गेरूवा) नदि ,पश्चिम : कर्णाली नदि, कैलाली जिल्ला, सुदुर पश्चिम प्रदेश, उत्तर : कर्णाली नदि, दक्षिण : राजापूर नगरपालिका यस पालिकाको उत्तर, पूर्व रहेको कर्णाली नदी पारी बर्दिया राष्ट्रिय निकुञ्ज अवस्थित छ र गेरूवा गाउँपालिका बर्दिया रा.नि.को मध्यवर्ती क्षेत्र समेत हो ।गाउँपालिकाको कुल सिमा मध्ये ३६ कि.मि. कर्णाली नदि तटीय क्षेत्र सँग जोडिएको छ । गाउँपालिकाको कुल क्षेत्रफल ७८.४१ बर्ग कि.मि. रहेको छ जुन बर्दिया जिल्लाकै क्षेत्रफलका आधारमा सबै भन्दा सानो स्थानीय तह हो । विश्व मानचित्रमा यस पालिका २८° २४' १८.१७"देखि २८° ३५' ३६.०४'उत्तरी अक्षांस सम्म र८१° ८' ५१" देखि ८१° १५' १२'पूर्वी देशान्तरसम्म फैलिएको छ भने समुन्द्र सतह बाट १४५ मिटर देखि १८० मिटर सम्मको उचाइमा फैलिएको छ ।

### १.५.२ शैक्षिक तथा सामाजिक अवस्था

गाउँपालिकामा रहेको ३३,९९८ जनसंख्यामध्ये पाँच वर्षमाथिका २३८६४ जना साक्षर रहेको देखिन्छ । यस मध्ये ११६१९ जना पुरुष र १३,१४५ जना महिलाहरू साक्षर रहेका छन् । कूल जनसंख्याको ३१ प्रतिशत अर्थात ७४३२ जना कक्षा ८ देखि एस.एल.सीसम्मको शैक्षिक स्तर, २३.१ प्रतिशत अर्थात ५५२३ जना कक्षा ५ देखि ७ सम्म, २२.४ प्रतिशत अर्थात ५३३९ जना नर्सरीदेखि ४ कक्षासम्म अध्ययन गरिरहेका छन् । गाउँपालिकामा स्थातक वा सोभन्दा माथिको अध्ययन गरेकाहरूको संख्या न्यून रहेको छ। उच्च अध्ययन गर्ने अवसर नमिलेर वा आर्थिक अवस्था नभएर सो संख्या न्यून रहेको हुनसक्छ । गाउँपालिकाको विकासकालागि गाउँपालिकाकै दक्ष तथा शिक्षित जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । सामान्यतया उच्च अध्ययन गरेकाहरू रोजगारी तथा उचित अवसरको कमीले पलायन हुने गर्दछन् । दिगो विकासको लागि शिक्षित र दक्ष जनशक्ति गाउापालिकामा रहि ज्ञान र सीपको पूर्ण सदुपयोग गर्न पाउने वातावरणको सुनिस्चितता हुनुपर्दछ। तुलनात्मक रुपमा केहीमात्रामा भएपनि पुरुषको भन्दा महिलाहरूको संख्या प्राय सबै शैक्षिक तहहरूमा कम रहेको देखिन्छ। किशोरी र महिलाको जनसंख्या धेरै भएको यो गाउँपालिकामा शिक्षामा भने उनीहरूको संख्या कम हुनु उचित नभएकोले यसतर्फ सम्बन्धित सबैको ध्यान जानु जरुरी छ। वडागत लैङ्गिक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### १.५.३ जनसंख्याको विवरण

गाउँपालिकामा रहेका कूल ६,९९७ घरधुरीहरूमध्ये अक्सर बसोबास गर्ने कूल जनसंख्या ३३,९९८ र हाल गाउँपालिकामा अनुपस्थित जनसंख्या ६,६५६ गरी गाउँपालिकामा कुल जनसंख्या ४०,६५४ रहेको छ । जसमा २०,८६४ पुरुष र १९,७९० महिला छन् । वडागत विवरणअनुसार सबैभन्दा धेरै घरधुरीहरू भएको वडा न. ५ जहाँ १,४३४ घरधुरीहरू र सबैभन्दा कम घरधुरीहरू भएको वडा भने वडा नं. २ जहाँ ९४७ घरधुरीहरू रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण समेत सामान्यतया समान किसिमको देखिन्छ। प्रत्येक वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ।

**तालिका नं. १ : वडा अनुसार जनसंख्याको विवरण**

| वडा नं. | घरधुरी | अक्सर बसोवास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | | जम्मा जनसंख्यामा वडागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | १,०७५ | २,६८३ | २,८६६ | ५,५४९ | ७३९ | २५१ | ९९० | ३,४२२ | ३,११७ | ६,५३९ | १६.०८ |
| २ | ९४७ | २,०५४ | २,४७२ | ४,५२६ | ६५७ | १५१ | ८०८ | २,७११ | २,६२३ | ५,३३४ | १३.१२ |
| ३ | १,००३ | २,४३९ | २,६०० | ५,०३९ | ५५२ | १६३ | ७१५ | २,९९१ | २,७६३ | ५,७५४ | १४.१५ |
| ४ | १,३०९ | ३,१६० | ३,५१२ | ६,६७२ | ७८६ | ३०८ | १,०९४ | ३,९४६ | ३,८२० | ७,७६६ | १९.१० |
| ५ | १,४३४ | ३,०९६ | ३,७०२ | ६,७९८ | १,३०९ | ३९२ | १,७०१ | ४,४०५ | ४,०९४ | ८,४९९ | २०.९१ |
| ६ | १,२२९ | २,३६३ | ३,०५१ | ५,४१४ | १,०२६ | ३२२ | १,३४८ | ३,३८९ | ३,३७३ | ६,७६२ | १६.६३ |
| **जम्मा** | ६,९९७ | १५,७९५ | १८,२०३ | ३३,९९८ | ५,०६९ | १,५८७ | ६,६५६ | २०,८६४ | १९,७९० | ४०,६५४ | १००.०० |

*श्रोत : गाउँ वस्तुस्थिति विवरण, २०७५*

गाउँपालिकामा रहेका कूल ३३९९८ जनसंख्यामध्ये १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी ३८९८ अर्थात ११.५ प्रतिशत, २० देखि २४ वर्ष उमेर समूहका ३८९३ अर्थात ११ प्रतिशत र तेस्रोमा १५ देखि १९ वर्ष उमेर समूहका ३७३८ अर्थात ११ प्रतिशत रहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गैरहेको छ । १० देखि २४ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ । १० वर्षभन्दा मुनिका बालबालिकाको जनसंख्या र २४ वर्षमाथिका प्रोढ तथा बृद्धबृद्धाहरूको संस्था क्रमश घट्दै गैरहेको देखिन्छ ।

**तालिका नं. २ : उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण**

| वडा नं. | उमेर समूह | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ + वर्ष | जम्मा |
| १ | ३८५ | ४६३ | ६०७ | ६०७ | ६२० | ५५४ | ५०५ | ४१२ | २८४ | २६२ | २४२ | १८० | १४४ | १२२ | ९९ | ६३ | ५,५४९ |
| २ | ३१० | ३९० | ५१० | ४७७ | ५२८ | ३९३ | ३७५ | ३७३ | २२४ | २५७ | १७८ | १५८ | १२५ | ७३ | ९८ | ५७ | ४,५२६ |
| ३ | ३५५ | ४५२ | ५६० | ५९२ | ५४९ | ४५० | ४१९ | ३४८ | २६८ | २८८ | २१५ | १५१ | ११४ | १०१ | ९५ | ८२ | ५,०३९ |
| ४ | ५८२ | ५८१ | ७९८ | ७७० | ७४८ | ५८० | ५१३ | ४५८ | २७६ | ३३७ | २५४ | १७० | १८१ | १८५ | १३७ | १०२ | ६,६७२ |
| ५ | ५८३ | ६०१ | ७६० | ७३२ | ८०८ | ५८१ | ४४१ | ४५७ | ३८६ | ३०५ | २८७ | २१७ | १९४ | १८२ | १४५ | ११९ | ६,७९८ |
| ६ | ४२२ | ४५० | ६६३ | ५६० | ६४० | ४३५ | ३८५ | ३५४ | २९९ | २८९ | २५४ | १९४ | १३७ | १३७ | १०१ | ९४ | ५,४१४ |
| जम्मा | २,६३७ | २,९३७ | ३,८९८ | ३,७३८ | ३,८९३ | २,९९३ | २,६३८ | २,४०२ | १,७३७ | १,७३८ | १,४३० | १,०७० | ८९५ | ८०० | ६७५ | ५१७ | ३३,९९८ |

श्रोत : गाउँ वस्तुस्थिति विवरण, २०७५

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै २१,४५८ अर्थात ६४.२ प्रतिशत थारु जाती रहेका छन्, त्यसैगरी दोस्रोमा ५,२५६ अर्थात १५.४६ प्रतिशत क्षेत्री, तेस्रोमा २,४७२ अर्थात ७.२७ प्रतिशत ब्राह्मण, चौथो र पाँचौमा क्रमश ठकुरी ३.८४ प्रतिशत र कामी ३.१४ प्रतिशत रहेका छन् । त्यसैगरी दमाइ/ढोली २.२० प्रतिशत र अन्य जातजातिहरू उल्लेख्य रुपमा रहेको देखिन्छ अर्थात ४.१९ प्रतिशत रहेको देखिन्छ । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ।े छ ।

**तालिका नं. ३ : जातिगत आधारमा घरधुरी विवरण**

| वडा | जातजाति | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | थारु | क्षेत्री | ब्राह्मण | ठकुरी | कामी | दमाइ/ढोली | अन्य | उल्लेख नगरिएको | विदेशी | |
| १ | ९३६ | ४८० | ४९ | ३४७५ | १ | २२ | ५७६ | १० | ० | ५५४९ |
| २ | २८९ | ४०२ | १३ | ३४९९ | ० | १ | १८९ | १३३ | ० | ४५२६ |
| ३ | १०६३ | १३४ | ९ | ३५८८ | ० | ० | २०१ | ४३ | १ | ५०३९ |
| ४ | १३७४ | ६६६ | ५६ | ३७९२ | ० | ० | ७८२ | २ | ० | ६६७२ |
| ५ | १११३ | ४७४ | २५ | ३७८३ | ० | ३२ | १३६९ | २ | ० | ६७९८ |
| ६ | ४८१ | ३१६ | १०५ | ३३२१ | ० | ४६ | १०७३ | ७२ | ० | ५४१४ |
| जम्मा | २१४५८ | ५२५६ | २४७२ | १३०७ | १०६८ | ७४९ | १४२५ | २६२ | १ | ३३९९८ |
| प्रतिशत | ६३.१२ | १५.४६ | ७.२७ | ३.८४ | ३.१४ | २.२० | ४.१९ | ०.७७ | ०.०० | १००.०० |

*स्रोत : घरधुरी तथ्यांक संकलन २०७५*

गाउँपालिकामा रहेको कूल ३३९९८ जनसंख्यामध्ये ७२४ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। जसमध्ये शारीरिक अपाङ्गता भएका ३७९, दृष्टिविहिन अपाङ्गता भएका १२०, सुनाइसम्बन्धी अपाङ्गता भएका ७६, स्वर बोलाईसम्बन्धी अपाङ्गता भएका ५९ रहेका छन्। थप अपाङ्गता तथा वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ : अपाङ्गताको आधारमा जनसंख्या**

| वडा नं. | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टिसम्बन्धी अपाङ्गता | श्रवण दृष्टिविहिन | सुनाईसम्बन्धी अपाङ्गता | स्वर बोलाईसम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहुअपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५,३४५ | ११६ | ४२ | १ | ३१ | ९ | ४ | | १ | ५,५४९ |
| २ | ४,४२५ | ५४ | १६ | ४ | १० | ९ | ५ | २ | १ | ४,५२६ |
| ३ | ४,९८३ | ३९ | ४ | | ४ | ३ | ४ | १ | १ | ५,०३९ |
| ४ | ६,५४३ | ५७ | २८ | ४ | १२ | १२ | ८ | ४ | ४ | ६,६७२ |
| ५ | ६,६७१ | ६४ | १६ | ५ | ९ | ११ | ४ | ११ | ७ | ६,७९८ |
| ६ | ५,३०७ | ४९ | १४ | ४ | १० | १५ | ३ | ३ | ९ | ५,४१४ |
| जम्मा | ३३,२७४ | ३७९ | १२० | १८ | ७६ | ५९ | २८ | २१ | २३ | ३३,९९८ |

*स्रोत : घरधुरी तथ्यांक संकलन २०७५*

*श्रोत : गाउँ वस्तुस्थिति विवरण, २०७७*

### १.५.४ आर्थिक अवस्था

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल क्षेत्र भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडाहरूमा पहुँच विस्तार हुँदै गएको छ। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता अन्य उद्योगधन्दाको साथै स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा रहेका तालहरू सहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेका छन्। यस गाउँपालिकाका मुख्य आर्थिक आधारहरू कृषि, साना व्यापार, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

### १.५.५ भौगौलिक तथा प्राकृतिक श्रोतको अवस्था

यस गा.पा.मा भएका प्राकृतिक श्रोत र साधनहरुमा व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामिण इलाकाहरुमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति सृजना गर्न साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गेरुवा गाउँपालिका १०७.२७ वर्ग कि.मि.मा फैलिएको छ । यस गाउँपालिकाको भूउपयोगको वर्गिकरण अनुसार वि.सं.२०७६ मा कृषि क्षेत्र (७१.५५ वर्ग कि.मि.) ले सबै भन्दा बढि क्षेत्र ओगटेको छ भने त्यसपछि क्रमशः जङ्गल क्षेत्र (१९.७९ वर्ग कि.मि.), नदी तथा ताल तलैया क्षेत्र (७.२८ वर्ग कि.मि.), बाँझो जमीन (६.३५ वर्ग कि.मि.), आवास क्षेत्र (२.१६ वर्ग कि.मि.), र घाँसे मैदान (०.१ वर्ग कि.मि.) रहेको छ। भू-उपयोगको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| भूमिको प्रकार, उपयोग | भूउपयोग (वि.सं.२०५७) | भू- उपयोग (% मा, २०५७) | भूउपयोग ( वि.सं.२०७६) | भू-उपयोग (% मा, २०७६) | परिर्वतित क्षेत्रफल (वि.सं. २०५७-२०७६) |
|---|---|---|---|---|---|
| कृषि | ७३.८८ | ६८.८९९ | ७१.६ | ६६.७ | -२.३ |
| नदी तथा ताल तलैया | ५.९१ | ५.५१२ | ७.२८ | ६.७९ | १.३७ |
| जङ्गल | २२.२७ | २०.७७ | १९.८ | १८.५ | -२.५ |
| बाँझो जमीन | ५.०३ | ४.६९१ | ६.३५ | ५.९२ | १.३२ |
| झाडी तथा बुट्यान | ०.०२ | ०.०१९ | ०.०१ | ० | -० |
| आवास | ०.१११ | ०.१०४ | २.१६ | २.०१ | २.०५ |
| घाँसे मैदान | ०.०१४ | ०.०१३ | ०.१ | ०.०९ | ०.०९ |
| जम्मा | १०७.३ | १०० | १०७ | १०० | |

*श्रोत :* प्राक्टिकल एक्शन, २०७७

**तालिका नं. ५ : गाउँपालिकाको भू-उपयोगको विवरण**

विगत दुई दशकमा, आवास क्षेत्र द्रुत गतिमा (०.११ बाट २.१६ वर्ग कि.मि.) बढेको छ। यसै अन्तरालमा, जङ्गल क्षेत्र २.४८ वर्ग कि.मि.ले घटेको छ।




चित्र १ : गेरुवा गाउँपालिकाको भू-उपयोग नक्सा (वि.सं.२०७६)

बेरोजगारी बढ्दै गइरहेको अवस्थालाई मध्यनजर गर्दै यस गा.पा. को इच्छुक युवा वर्गलाई सिपमूलक तालिम प्रदान गरी एकिकृतरुपले स्वदेश मै रोजगारी सृजना गर्न सके गा.पा.को आर्थिक तथा सामाजिक विकासमा यस क्षेत्रको ठुलो योगदान पुयाउने प्रशस्त सम्भावना देखिन्छ। गाउँपालिकामा माटोको बनावट, खेतियोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिका बासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ, यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### १.५.६ मानवीय अवस्था

*नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार बर्दिया जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरूमध्ये यो जिल्ला ४५ औँ स्थानमा रहेको छ र गरीबीको दर ८.१६ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनि रहेको संख्या १,२१,१७८ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।*

**तालिका नं ६**

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ४५ | २८.६६(८.१६) | ७.०५(२.६१) | २.५३(१.०९) | १२११७८ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

### १.५.७ जलवायुजन्य, हावापानीको अवस्था र प्रभाव

बर्दिया जिल्लाको विपद्को इतिहास अध्ययन गर्ने हो भने भूकम्प, बाढी, हुरिबतास, चट्याङ, आगलागि, शीतलहर, महामारी, सर्पदंश र सडक दुर्घटना आदि मुख्य विपद्मा पर्दछन। सामान्य दृष्टीकोणले हेर्दा नेपालको तराई भू भागका जिल्लाहरु बाढी, हावाहुरी, आगलागि, शीतलहर, महामारी जस्ता प्रकोपहरुको अत्यन्तै जोखिममा रहेका छन्

#### १.५.७.१ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

यस गेरुवा गाउँपालिका विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढी जन्य विपद् ले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ। मूलतः बाढीले मानिषहरुको मृत्यू, घाइते, वेपत्ता हुने घरजग्गा डुवान गर्ने पर्ने र घर वाट विस्थापित हुने खेतियोग्य जमिन जमिन कटान/पटान गर्ने गरेको र यसबाट जिविकोपर्जन क्षेत्रमा प्रतिकुल असर भइ अस्थायी वा स्थायी रूपमा वर्षेनी यस गाउँपालिकाका सयै परिवार हरुका ५००० भन्दा जनसङ्ख्या विस्थापित हुने गरेका छन्। विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१,२०७४ र २०७८ कार्तिका २ गते /यसै वर्ष २०७९ असोज २३ गते गएको बेमैषमी वर्षाका कारण आएको बाढीको प्रभाव भएको देखिन्छ । मानव-वन्यजन्तु द्वन्द्व यस पालिकाको आर्को ठोलो विपद्को समस्यको रुपमा देखिएको छ विगतका वर्षहरुमा यसको जोखिम बढदै गएको पाइएको छ ।यस वाट मानिसहरुको मृत्यु, घाइते हुने र घरहरु क्षति हुने र खेति पातिहरु नष्ट गर्दा मानिषहरु कृषी क्षेत्रमा अस्रीत नभइ रोजगारका लागि दैनिक ज्यालादारी तथा अन्य देश हरुमा श्रम वेच्न वाध्य भएका छन त्यस बाहेक कोभिड-१९ , डैंगु, झाडापखाला जस्ता महामारी, हावाहुरी, शीतलहर, सुख्खा/खडेरी, आगलागी, चटयाङ, सडक दुर्घटना जस्ता प्रकोपबाट पनि उल्लेख्य मात्रामा क्षति भएको पाइन्छ।

**तालिका नं. ७ : गेरुवा गाउँपालिकाको प्रकोप जोखिम आँकलन**

| प्रदेश/जिल्ला/गा. पा./ न. पा. | सम्भावित प्रकोपको स्तर (१ निम्न- ५ उच्च) | | | | | | | | सङ्टासन्नताको स्तर (निम्न, मध्यम, उच्च) |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | जंगलीजनावर आतंक | आगलागि | महामारी | भूकम्प | शीतलहर | हुरी बतास | सितलहर | |
| गेरुवा गाउँपालिका | ५ | ५ | ३ | ३ | ५ | ५ | ४ | ३ | उच्च |

*विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, गेरुवा बर्दिया, २०७८*

**चित्र २ : प्रकोप सङ्टासन्नता स्तरीकरण नक्साङ्कन (Disaster Vulnerability Map-GIS)**



*१.५.७.२ गेरुवा गाउँपालिकाको न्यूनतम र अधिकतम तापक्रम र वर्षाको विवरण*

जल तथा मौसम विज्ञान विभागवाट प्राप्त गरेको टिकापुर स्थित मौसम मापन केन्द्रको तथ्यांक विश्लेषण गर्दा यस क्षेत्रको वार्षिक औषत वर्षा १६५१.८ मिलिमिटर रहेको छ । विगत ४३ वर्षको वर्षाको तथ्यांक विश्लेषण गर्दा सबै भन्दा वढी वर्षा सन् १९९७ मा २३१३ मिलिमिटर भएको थियो भने सवै भन्दा कम वर्षा सन् २०१९ मा ९६४ मिलिमिटर भएको थियो समग्रमा भने वार्षिक वर्षात ३.३५ मिलिमिटर प्रति बर्षको दरले घटिरहेको देखिन्छ। विस्तृत वार्षिक वर्षातको विवरण तल दिईएको छ ।




*चित्र नं*

*वार्षिक औसत वर्षा टिकापुर ( स्टेशन नं २०७ सन् घा१९७६ देखि २०१९ को तथ्याङ्क*

मासिक वर्षातको विश्लेषण गर्दा सबै भन्दा वढी वर्षा जुलाई महिनामा (औषत ४९९.२४ मिमि) हुने गरेको छ भने सबै भन्दा कम वर्षा डिसेम्बर महिनामा (३.०२ मिमि) हुने गरेको छ। मासिक वर्षातको विवरण तलको तस्विरमा देखाईएको छ।




*चित्र नं*

*मसिक औसत वर्षा टिकापुर ( स्टेशन नं २०७ १९७६ देखि २०१९ को तथ्याङ्क*

तापक्रमको तथ्यांक विश्लेषण गर्न सन् १९८८ देखि २०१९ सम्मको तथ्यांक प्रयोग गरीएको छ। यस अधिकतम तापक्रमको विश्लेषण गर्दा यस क्षेत्रको औषत तापक्रम २४.१४ डिग्री सेन्टिग्रेड रहेको छ भने औषत अधिकतम तापक्रम ३०.७४ डिग्री सेन्टिग्रेड र औषत न्युनतम तापक्रम १७.५४ डिग्री सेन्टिग्रेड रहेको छ। विगत ३० वर्षको तापक्रमको तथ्यांक विश्लेषण गर्दा सबै भन्दा वढी तापक्रम सन् २०१२ जुन १३ मा २३१३ ४५ डिग्री सेन्टिग्रेड रहेको थियो भने सवै भन्दा कम तापक्रर्म सन् २०१३ जनवरीमा ० डिग्री सेन्टिग्रेड रहेको थियो । समग्रमा भने अधिकतम तापक्रम ०.०५ डिग्री सेन्टिग्रेड र औषत तापक्रम ०.०२३ डिग्री सेन्टिग्रेड प्रति बर्षको दरले बढिरहेको

देखिन्छ तथा न्यूनतम तापक्रम ०.०२ डिग्री सेन्टिग्रेड प्रति बर्षको दरले घटिरहेको देखिन्छ । वार्षिक अधिकतम, न्युनतम तापक्रम र औषत तापक्रम तलको चित्रमा देखाईएको छ ।




*चित्र नं*

*बार्षिक न्यूनतम तापक्रम र अधिकतम तापक्रम टिकापुर ( स्टेशन नं २०७ १९८४ देखि २०१९ को तथ्याङ्क*

विगत ३० वर्षको तापक्रमको मासिक विश्लेषण गर्दा मे महिनामा औषत अधिकतम तापक्रम ३७.३६ डिग्री सेन्टिग्रेड सम्म पुग्छ भने सबैभन्दा कम औषत न्युनतम तापक्रम जनवरी महिनामा ७.१२ डिग्री सेन्टिग्रेट सम्म पुग्ने गरेको छ । वाह्रैमहिनाको अधिकतम तथा न्युनतम तापक्रम तलको तस्विरमा देखाईएको छ।




*चित्र नं*

*मासिक न्यूनतम तापक्रम र अधिकतम तापक्रम टिकापुर ( स्टेशन नं २०७ १९८४ देखि २०१९ को तथ्याङ्क*

# खण्ड ख : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय

## २.१ पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल विपद् जोखिमको दृष्टीकोणले उच्च जोखिम युक्त रास्ट्रको रुपमा लिइन्छ । समग्र प्रकोप जोखिमको हिसाबले २० औं स्थानमा, भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको प्रभावको हिसाबले चौथौ स्थानमा पर्दछ । नेपाल बाढी, पहिरो, भूकम्प, आगलागि, महामारी र जलवायु परिवर्तनको प्रभावबाट सङ्कटाभिमुख राष्ट्रको रुपमा पनि लिइन्छ । नेपालको भौगोलिक बनोटको आधारमा हिमाल, पहाड र तराईमा फरक फरक प्रकारका विपद्हरुको घटना घट्ने गरेको पाइन्छ । यस्ता विपद्हरुका कारण देशमा वर्सेनी ठुलो रुपमा धनजनको क्षति हुने गरेको । विपद् पूर्वतयारी कार्यहरु न्यून भएका कारण विपद्को ठुलो क्षति हुने गरेको छ । अत: देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन स्थानीय स्तर देखि नै पहल हुनु जरुरी छ । यसै परिप्रेक्षलाई मध्यनजर राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका,२०७४ (पहिलो मस्यौदा र २०७६ दोस्रो मस्यौदा ) तयार गरी लागु गरेको छ । यसै निर्देशिकालाई आधार मानेर गेरुवा गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रियाको कार्य थालनी भएको छ ।

## २.२ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### २.१.१ दीर्घकालिन सोच

विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने यसको दीर्घकालीन सोच हुनेछ ।

### २.२.२. लक्ष्य

स्थानीय स्तरमा विपद् तथा जलवायुजन्य जोखिमबाट उत्पन्न हुने मृत्युदर, प्रभावितहरुको संख्या, भौतिक सम्पतिमा हुने क्षतिलाई कम गदै स्थानीय विकास प्रक्रियामा मूल प्रवाहीकरण गरी उत्थानशील समुदायको निर्माण गर्नु यस योजनाको लक्ष्य हुनेछ ।

### २.२.३ उद्देश्य

स्थानीय समुदायको जोखिमताको विश्लेषण गरी सोको आधारमा सहभागितामूलक विपद् व्यवस्थापन योजना तयार गर्नुका साथै समुदायको अनुकूलन क्षमतामा अभिवृद्धि गर्नु यस योजनाको मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरू तपसिल वमोजिमका रहेका छन :

- समुदायस्तरमा प्रकोप र विपद् सम्बन्धी सचेतीकरण गर्दै स्थानीय स्तरको प्रकोप व्यवस्थापन समितिको क्षमता विकास गराउने ।
- गेरुवा गाउँपालिकामा संचालन हुने विपद् तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरुमा एकरुपता ल्याउने
- स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष र सक्रिय सहभागिता बढाइ विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउने ।
- प्रकोपको नक्साङ्कन नक्साङ्कन गरी समुदायमा रहेको प्रकोप, सङ्कटासन्नता र क्षमताको पहिचान गरी विपद् जोखिम न्यूनीकरणका कार्यहरु संचालन गर्ने ।
- विपद् सङ्कटासन्न समुदायका साथै पारिस्थितिकीय प्रणालीहरूको जोखिमता र अनुकूलन क्षमताको विश्लेषण गरी अनुकूलन क्षमतामा अभिबृद्धि गर्ने ।
- सम्बन्धित निकायहरू बीच मूलप्रवाहीकरणका निम्ति समन्वय गराउनुका साथै अनुकूलन योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गराउने
- विपद् सम्बन्धी प्रविधिहरूको प्रदर्शनी, प्रवर्धन एवम् अभ्यास गराउने ।

- समुदाय स्तरमा गठन भएका विपद् व्यवस्थापन समिती तथा अन्य विपद् सँग काम गर्ने स्थानीय संघ संस्थाहरुको क्षमता विकास गर्ने उनीहरुलाई थप उत्तरदायी बनाउने ।
- जलवायु परिवर्तन, विपद् व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन र वातावरणीय सवालहरूमा गेरुवा गाउँपालिका स्तरमा प्रभावकारी रूपमा कार्य गर्न समानुपातिक समावेशी एवं समन्वयात्मक संरचनाको निर्माण गर्ने ।

### २.२.४ रणनीति

क) योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजनाको कार्यान्वयन गर्ने ।

ख) स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशील स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि प्रोत्साहन गर्ने ।

ग) बाढी तथा अन्य विपद्बाट हुने मानवीय तथा भौतिक क्षतिलाई रोक्नका लागि बाढीको पूर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्यको पहल गर्ने ।

घ) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सिप, श्रोत र साधनको उपयोग गर्ने ।

ङ) स्थानीय सरकारको विकास निर्माण योजना प्रक्रियामा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण गर्न र अन्य संघ संस्थाहरूसँग तालमेल गरी एकिकृत रुपमा सम्बोधन गर्ने

## २.३ योजनाको आवश्यकता तथा महत्व

स्थानीय तहमा विपद् व्यवस्थापनका लागि विगत केही वर्षदेखि न्यूनिकरणका कार्यहरु सम्पन्न गरिँदै आए पनि त्यसलाई व्यवस्थित तरिकाले सम्पन्न गरी आशातित उपलब्धी हाशिल हुन नसकेको सन्दर्भमा यो योजनाले समुदायमा विद्यमान जोखिम कम गर्न उल्लेखनीय योगदान गर्नेछ भन्ने अपेक्षा राख्दछ । विशेष गरेर पूर्वतयारी, आपतकालीन प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न यो योजनाले सहयोग गर्दछ । जस अर्न्तगत निम्न बुदाहरु प्रमुख रुपमा लिन सकिन्छ ।

क) विपद् व्यवस्थापनका लागि सरोकार वालाहरुसंग सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउँदछ ।

ख) मानवीय, आर्थिक तथा अन्य श्रोत साधन पहिचान एवं सङ्कलनमा मद्दत गर्दछ ।

ग) सङ्कटाभिमुखता न्यूनिकरण गर्न आधार तयार गर्छ ।

घ) पूर्व सावधानी अपनाई प्रकोप प्रभावित हुनसक्ने ठाउँका मानिसहरुलाई सुरक्षित स्थानमा लैजाने पूर्वतयारीको खाका तयार हुनेछ ।

ङ) विपद्को समयमा उद्दार गर्न चाहिने वस्तुको जोहो गर्न, हराएका मानिसहरुको खोजी गर्न र राहतका क्रियाकलापहरु अघि बढाउन सामुहिक सक्रियता बढाउनेछ ।

च) प्रकोप पीडितको लागि तुरुन्तै आवश्यक पर्ने उपचार, खाने, बस्ने, लगाउने व्यवस्थाका लागि पूर्वयोजना बन्नेछ ।

छ) पुन:स्थापना र पुर्ननिर्माणका काममा टेवा पुयाऊनेछ ।

ज) योजनामा विपद् व्यवस्थापनका क्रियाकलापहरु पहिचान भएको हुदा यसले गरिबी निवारण, प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनमा समेत मद्दत पुयाउनेछ ।

झ) विपद्को समयमा समाजमा उत्पन्न हुनसक्ने हिंसा लगायत अन्य अवाक्षित गतिविधिहरु नियन्त्रण गर्न सहयोग पुऱ्याउनेछ ।

ञ) गेरुवा गाउँपालिकाको जोखिम, सङ्कटासन्नता र क्षमताको अवस्था विश्लेषण गर्न सहयोग गर्नुका अतिरिक्त गेरुवा गाउँपालिकाको खोज अध्ययन गर्न चाहनेहरुका लागि यो दस्तावेज द्वितीय श्रोतको रुपमा प्रभाीकारी हुन सक्नेछ ।

## २.४ योजनाको सीमा

स्थानीय स्तरमा उपलब्ध जानकारी, विगतका घटनाका अनुभवहरु तथा स्थानीय समुदाय र सरोकारवालाहरुको विपद् व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाई र बुझाईमा आधाारित रही साथै गेरुवा गाउँपालिकाको सबै वडाहरुमा सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरु प्रयोग गरेर आएका तथ्याङ्कहरुको आधारमा यो योजना निर्माण गरिएको छ ।

- तथ्याङ्क सङ्कलनको क्रममा विगतका वर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्थ विवरणहरु प्राप्त गर्न कठिनाइ भएकोले वडाको सङ्कटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनिकरणका गतिविधिहरु तथा बजेट निर्धारण गर्दा केही लचकता अपनाइएको छ ।
- योजना अन्तर्गत बनाएका गतिविधिहरुको कार्यान्वयनका लागि बढी मात्रामा बाहिरी श्रोतको भर पर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा नकारात्मक असर पर्ने सम्भावना देखिन्छ ।
- बिभिन्न सरोकारवालासँग भएको स्रोतहरुलाई परिचालनमा सकारात्मक भए पनि सरकारी र गैरसरकारी संस्थाहरुको आर्थिक वर्ष र योजना तर्जुमा समय अगाडि पछाडि पर्नाले समपुरक कोषमा समस्या परिरहेको छ ।
- विभिन्न विपद्हरुबाट हुने क्षतिलाई सीमित श्रोत र साधनबाट न्यून गर्न चुनौती रहेको छ ।

## २.५ योजना निर्माण कार्यविधि

स्थानीय स्तरमा उपलब्ध जानकारी, विगतका घटनाका अनुभवहरु तथा स्थानीय समुदाय र सरोकारवालाहरुको विपद् व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाई र बुझाईमा आधारित रही साथै गेरुवा गाउँपालिकाका सबै वडाहरुमा सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरु प्रयोग गरी आएका तथ्याङ्कहरुको आधारमा यो योजना निर्माण गरिएको छ । नेपाल सरकारको स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका र स्थानीय अनुकूलन कार्ययोजना राष्ट्रिय संरचनाले तय गरेका प्रक्रिया तथा चरणहरुको आधारमा स्थानीयस्तरमा नै विभिन्न सहभागितामूलक बिधि तथा औजारहरुको प्रयोग गरी सोही विश्लेषणको परिणाम अनुसार यो योजना तयार गरिएको छ । समुदाय स्तरमा प्रत्यक्षरुपमा समुदायसंग बसेर छलफल गरिएको र छलफलका आधारमा आएका सूचनाहरुलाई लिपीबद्ध गर्ने कार्य गरिएको हो । नेपाल सरकारको स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका अनुसार यो योजना निर्माण गर्दा तपशिल बमोजिमको चरणहरु अवलम्बन गरिएको हो ।

## स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया




**चित्र ६: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया**

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को मस्यौदा अनुसार यो योजना तर्जुमा गर्दा वडा र समुदायका प्रभावित तथा सङ्टासन्न समुदायको प्रत्यक्ष र समावेशी सहभागिता सुनिश्चित हुने गरी समावेशी सहभागितामूलक र यर्थाथ परक बनाउन निम्न अनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन् ;

**समुदाय स्तरमा सूचना सङ्लन र सङ्टासन्नता तथा क्षमता विश्लेषण** : यस क्रियाकलाप अन्तर्गत गेरुवा गाउँपालिका अर्न्तगतका ६ वटा वडाहरुका ....... समुदायलाई वडा अनुसार नजिकका पायक पर्ने समुदायहरुलाई ....... स्थानमा समुदाय र वडाहरूको विपद् सम्बन्धी सूचना तथा समुदायसँग भएका क्षमताको तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो । सङ्कासन्नता तथा क्षमता विश्लेषण गर्न सामाजिक श्रोत तथा प्रकोपको नक्शाङ्कन, ऐतिहासिक तथ्याङ्क, प्रकोप स्तरीकरण, स्रोतको विश्लेषण, मौसमी पात्रो, बाली पात्रो, प्रकोप पात्रो, समस्या बृक्ष विश्लेषण, संस्थागत विश्लेषण

प्रत्यक्ष अवलोकन भेटघाट तथा छलफल जस्ता सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरूको प्रयोग गरिएको थियो ।

**वडा स्तरिय सूचना सङ्कलन र सङ्कटासन्नता तथा क्षमता विश्लेषणको पुनरावलोकन :** यस क्रियाकलाप अर्न्तगत वडा स्तरीय विपद् व्यवस्थापन योजना निर्माण तथा अभिमुखीकरणको क्रममा सहभागी भएका सहभागीहरू तथा वडा स्तरीय विपद् व्यिस्थापन समितिबाट सामाजिक र आर्थिक सूचनाहरू, समुदायमा विध्यमान प्रकोपहरू र विपद्को ऐतिहासिक विवरण समेत प्रमाणीकरण गरिएको थियो र योजना निर्माणका लागि वडाभित्र स्थान र क्रियाकलापहरु समेत पहिचान गरिएको थियो । वडा स्तरीय सूचना सङ्कलन तथा प्रमाणीकरण कार्यशाला बैठकमा समुदाय स्तरबाट प्राप्त सूचनाहरुको समेत पुनरावलोकन गरिएको थियो । मुख्य रुपमा मौसमी पात्रो, बालि पात्रोहरुलाई समेत अध्यावधिक गरिएको थियो । समुदाय स्तरमा पहिचान भएका मुख्य प्रकोप हरुको प्रकोप न्यूनीकरण योजना तर्जुमा गर्ने काम समेत वडा स्तरमा सम्पन्न गरिएको थियो । वडा भित्रका समुदायहरुलाई प्रकोप सङ्कटासन्नताको हिसाबले उच्च, माध्यम र न्यून सङ्कटासन्न समुदायको रुपमा पहिचान गरी सोहि अनुसार योजनाको प्राथमिकीकरण समेत वडा कार्यशालामा गरिएको थियो ।

**तालिका नं ८ : वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण तथा योजना तर्जुमा गोष्ठी विवरण**

| मिति | वडाहरु | कार्यक्रम संचालन स्थान | गरिएका क्रियाकलापहरु |
|---|---|---|---|
| २०७९/१२/०३ र ०४ गते | १,२ र ३ | पाताभार | सूचना प्रमाणीकरण, सुझाव सङ्कलन र योजना निर्माण कार्यशाला गोष्ठी |
| २०७९/१२/०५ र ०६ गते | ४, ५ र ६ | मनाउ | |

**गाउँपालिकाको योजनाको खाका लेखन कार्य :** समुदाय तथा वडा स्तरबाट प्राप्त सूचना र गेरुवा गाउँपालिका सम्बन्धी अन्य दस्तावेजहरुको अध्ययन गरी योजनाको खाका लेखन को कार्य सुरु गरिएको थियो । यो खाकालाई पालिका स्तरमा स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकारवालाहरु संग सांझा गरी, उनीहरु बाट प्राप्त सुझाव र बाकी सूचना तथा विस्लेषण र पालिकाको संयुक्त योजना हरुलाई एकत्रित गरी योजना लाई अन्तिम रुप दिइएको छ ।

**गाउँपालिका स्तरमा प्रस्तुति सुझाव सङ्कलन तथा योजना निर्माण बैठक :** समुदाय र वडा स्तरबाट प्राप्त सूचना, गेरुवा गाउँपालिकामा तयार पारिएका विभिन्न दस्तावेजहरु र अन्य सम्बन्धित विभिन्न दस्ताबेजहरुको अध्ययन गरी निर्देशिका बमोजिमको योजनाको खाका तयार पारियो । योजना निर्माणको उद्देश्य, यसको नीतिगत व्यवस्था र समुदाय र वडाबाट प्राप्त सूचनालाई गाउँपालिका स्तरको कार्यशाला गोष्ठीमा प्रस्तुत गरियो । २०७९ सालको …….. ३ र ४ गते आयोजना गरिएको गाउँपालिका स्तरीय सूचना प्रमाणीकरण, सुझाव सङ्कलन र योजना निर्माण कार्यशाला गोष्ठीमा बृहतछलफल पश्चात प्राप्त सुझावहरुलाई समेत समावेश गरी योजनालाई अन्तिम रुप दिइयो ।

## २.६ योजना कार्यान्वयन रणनीति

क) यस योजनालाई गाउँपालिकाबाट अनुमोदन गरी कार्यान्वयन गरिनेछ साथै वडाको परिषदबाट अनुमोदनका लागि समेत समन्वय गरिनेछ ।

ख) गाउँपालिका तथा वडा कार्यालयले यस योजनाको पुनरावलोकन तथा समीक्षा प्रत्येक वर्ष गर्नेछ साथै उक्त योजनालाई प्रभावकारी बनाउन प्रत्येक २ वर्षमा बृहत पुनरावलोकन गरी अद्यावधिक समेत गरिनेछ ।

ग) समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिवृद्धिका लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायू परिवर्तनको क्षेत्रमा कार्यरत सरोकारवाला संघसंस्थाहरुको सहभागितामा जोड दिइनेछ। विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ।

घ) योजना कार्यान्वयनको लागि गाउँपालिकाबाट बजेट छुट्याइनेछ भने सरकारी कार्यालय, जि.स.स. तथा अन्य दातृ निकायसंग समन्वय गरिनेछ । वडामा गरिने विकासका कार्य विपद् पूर्वतयारीका लागि मध्येनजर गरेर गरिनेछ।

ङ) स्थानीय ज्ञान, सिप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम तथा जलवायु उत्थानशील योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

च) योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् व्यस्थापन समिति, गाउँपालिका तथा वडा कार्यालय, जिल्ला विपद् व्यस्थापन समिति, जिल्ला समन्वय समिति तथा नेपाल रेडक्रस र अन्य विभिन्न सहयोगी गैह्रसरकारी संघ-संस्थाबाट नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

## २.७ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन र मूल्याङ्कन

समुदायमा विपद् तथा जलवायु उत्थानशील योजनाको निर्माण पश्चात त्यसको उचित कार्यान्वयनको लागि स्थानीय तहमा एउटा अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिने छ। त्यस समितिले स्थानीय स्तरका कार्यालयहरू सँग समन्वय र सहकार्य गरी अनुगन तथा मूल्याङ्कनका सिद्धान्तहरूलाई अनुशरण गरी योजनाको नियमित अनुगमन तथा निश्चित समयाअवधिमा मूल्याङ्कन गर्ने छ। गेरुवा गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा अनुगमन मूल्याङ्कन समितिले स्थानीय तहमा यस योजना बमोजिम सचांलित योजना तथा कार्यक्रमको कार्यान्वयनको प्रगति निरिक्षण गर्ने, कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्या तथा कमी कमजोरीलाई सुधार गर्दै छिटो समाधानका लागि समन्वयात्मक र रचनात्मक भूमिका निर्वाह गर्नेछ । कार्यक्रमको मूल्याङ्कन गर्दा सार्न्दभिकता, कार्यकुशलता, प्रभावकारिता, अपेक्षित उपलब्धी हासिल, दीर्घकालीन परिवर्तन जस्ता मूल्याङ्कनका सिद्धान्तको आधार अवलम्बन गरिनेछ।

## २.८ योजनाको अध्यावधिकता

यस योजना, कार्यान्वयका क्रममा भएका पाठ सिकाइ, अनुभव, चुनौती र सुधार गर्नुपने विषय वस्तुलाइ समावेश गरी सहज र प्रभावकारी बनाउनका लागि निर्देशिका बमोजिम बनाइएको योजनालाई २/२ वर्षको अवधिमा आवश्यकता अनुसार अद्यावधिक गरी लागु गरिने छ।

# खण्ड ग : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## ३.१ ऐतिहासिक समयरेखा विश्लेषण

गाउँपालिकाको भएको भौतिक, सामाजिक र धारणागत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ । बाढीरडुवानरकटान जङ्गली जनावर वाट हुने क्षति यस पालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ ।चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुटिएको छ। कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१, २०७४, २०७८ र हालै २०७९ असोज २३ गते गएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा प्रत्यक वर्षका विपद् घटना र २०७४ सालको वाढी लाई मध्य नजर गर्दाप्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ भने स्वास्थ्य र आयजिविकामा प्रतिकुल असर गर्ने गरेको पाइन्छ ।यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर गाउँपालिका वडा नं. १० कोठियाघट सम्म गेरुवा नदिमा १५ देखि २० फिट उचाई तथा १५ देखि ५० फिट चौडा भएको बाँधको निमार्ण गरी ठाउँ ठाउँ मा गेटको निमार्ण गरि वर्षातको समयमा जम्मा भएको पनि निसासमा सहज हुने देखिन्छ । यस गाउँपालिकाको दोस्रो तथा प्रमुख प्रकोपको रुपमा रहेको जंगलीजनावरको वर्षेनी लगाइएकोको अन्न वाली, घर तथा मानविय क्षतिगरेको पाइन्छ । बर्दिया राष्ट्यि निकुञ्जमा संग जोडिएकाकारणले जंगली हात्ति हरुको आतंक अत्याधिक रहेको पाइन्छ यसको व्यवस्थापनको लागि एक हत सम्म वाधले व्यवस्थापन गर्ने भएकता पनि त्यस वाधँ माथी **(क्यानेल तार)**यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर नगरपालिका वडा नं. १० कोठियाघाट सम्म गर्नुपर्ने देखिन्छ । जंगलीजनावरले विषेश गरि वडानं. १, ४,५,६ लाइ उच्च जोखिमा तथा अन्य वडाहरु मध्यम जोखिममा रहेको छ ।

बढ्दो शहरीकरण, भवन निर्माण आचार संहिताको पालनामा कमी, सचेतनामा कमी, पूर्व तयारीका गतिविधिहरुमा कमी जस्ता कारणले भूकम्पको जोखिम दिनानुदिन थपिदो क्रममा रहेको छ । यस प्रकोपबाट सार्वजनिक तथा नीजि भौतिक संरचनाहरु बढी जोखिममा रहेका छन् जसले मानिसको मृत्यु तथा घाईते हुने, स्वास्थ्यमा प्रत्यक्ष असर हुने, जिविकोपार्जनमा समस्या जस्ता जोखिमहरु उच्च रहेको छ । सचेतनाको अभाव, लापरवाही र एकै स्थानमा जोडिएर बनेका घरहरु, प्रजलनशिल निर्माण सामाग्रीको प्रयोगबाट बनेका घरहरु, परम्परागत सोच, गुइठाँलाई इन्धनका रुपमा प्रयोग गरिने परम्परा र असुरक्षित विद्युत प्रयोजन गर्ने अभ्यासका कारण आगलागी पालिकाको अर्को प्रकोपको रुपमा रहेको छ । बढ्दो जनसंख्या, नियमित सरसफाईको अभाव, शौचालय प्रयोगमा कमी, अव्यवस्थित ठोस तथा तरह फोहर व्यवस्थापन संयन्त्र, ढल निकासको समस्या, पानी निकासको समस्याबाट सिर्जत डुवानको समस्या, मौसममा आएको फरकपना, खानपीन व्यवहारमा आएको परिवर्तन, खुला खाद्य पदार्थको वेचविखन तथा प्रयोग, सचेतनामा आभाव र सेवा पहुँचमा अभाव जस्ता कारणले विभिन्न समुदायहरु स्वास्थ्य समस्याबाट गुज्रेको पाइन्छ जसले झाडापखाला, डेन्गु, आखाँ तथा छालाजन्य रोगहरु जस्ता समस्याहरुको लाई थप समस्याको रुपमा सिर्जना गरेको छ । बढ्दो सवारी चाप, अव्यवस्थित सवारी पार्किङ, ट्राफिक नियमबारेको सचेतनामा कमी तथा लापरवाही, साघुँरा सडक र सडक पुननिर्माण तथा सुधारमा कमजोरीका कारण सडक दुर्घटना पालिकाकाको अर्को समस्याको रुपमा रहेको छ । मौसमा आएको परिवर्तनका कारण विगत ५-६ वर्ष यताबाट बढ्न गएको चिसोपना र जाडो समयमा भएका वृद्धिका कारण, मौसमी सुचना पहुँचमा अभाव र पूर्वतयारीको कमीले शितलहर यस पालिकाको अर्को प्रमुख समस्याको रुपमा देखा परेको छ । यस्तै मौसमि हावाहुरी अन्नबालीमा पार्ने प्रभावका कारण यी समस्याहरुले पालिकाको जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव गर्ने गरेको देखिन्छ ।

## ३.२ प्रकोपको पहिचान तथा स्तरीकरण

यस गेरुवा गाउँपालिकामा बिगतमा घटेका विपद्का घटनाका अधारमा प्रभाव पार्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना छनौट गरि स्तरीकरण गरिएको छ । वडामा विगतमा भएका र भविष्यमा आइपर्नसक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोप पहिचान गरी स्तरीकरण गरीएको छ। स्तरीकरणका आधारमा प्रमुख प्रकोपहरुको व्यवस्थापन योजना छनौट गरि त्यसको कार्यान्वयन गर्दा सहज हुने हुँदा प्रकोपको स्तरीकरण गरिएको हो। भूकम्प नेपालकै पहिलो प्रकोप भएकोले यहाँको लागि पनि प्रमुख प्रकोपमा नै राखिएको छ। सबै वडाका अलग-अलग सूचीलाई एकीकृत गरेर नगरपालिकाभित्र हुने प्रकोपको सूची र स्तरीकरण निम्न बमोजिम गरिएको छ।

**तालिका नं. ६ : पालिकास्तरीय प्रकोपको स्तरीकरण (pair ranking)**

| प्रकोपरसमस्या | बाढी | जंगली जनावर | आगलागी | सडक दुर्घटना | हावाहुरी | शितलहर | माहामारी | खडेरी | जलवायु परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| जंगली जनावर | | | जंगली | जंगली | जंगली | जंगली | जंगली | जंगली | जंगली |
| आगलागी | | | | सडक | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| सडक दुर्घटना | | | | | सडक | सडक | सडक | सडक | सडक दुर्घटना |
| हावाहुरी | | | | | | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी |
| शितलहर | | | | | | | शितलहर | शितलहर | शितलहर |
| माहामारी | | | | | | | | माहामारी | माहामारी |
| खडेरी | | | | | | | | | खडेरी |
| जलवायु | | | | | | | | | |
| जम्मा अंक | ८ | ७ | ५ | ६ | ४ | ३ | २ | १ | ० |
| स्तर | १ | २ | ४ | ३ | ५ | ६ | ७ | ८ | ९ |

यो योजनाले समग्र गाउँपालिकालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य ९ वटा प्रकोप तथा समस्यालाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत **बाढी र डुवान र कटान** प्रमुख प्रकोप तथा समस्याको रुपमा देखिएको छ भने **जंगलीजनावरको आतंक** दोस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । बढ्दो सवारी चापका कारण हुने गरेको **सवारी दुर्घटना** तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधारमा र **आगलागी चौथो, महामारी पाँचौ, शितलहर छैठौ, हावाहुरी सातौ, खडेरी आठौमा र जलवायु परिवर्तन नवौमा** स्तरिकरण भएको छ । नेपालको भौगोलिक अवस्था, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार **भूकम्पको जोखिमलाई** स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

## ३.३ प्रकोप तथा सामाजिक श्रोत नक्शाङ्कन

प्रकोप तथा सामाजिक श्रोत नक्साङ्कन गर्दा खोला तथा नदीनाला, पोखरी, खेतीयोग्य जमिन, बाटो तथा सडक सञ्जालहरू, सामुदायिक भवनहरू, विद्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, कलकारखाना, वनजङ्गल, गाउँपालिका भवन, बिजुली, खोला र संरक्षित आश्रय स्थलहरू वा आश्रयस्थलका लागि उपयुक्त क्षेत्र, पक्की बाँध, वृक्षारोपण गरिएका क्षेत्र, खानेपानी मुहान, खेतीपाती, बसोबास क्षेत्र, प्रकोप सङ्कट ग्रस्त क्षेत्र, सवेदनशील क्षेत्रहरु समेत नक्सामा देखाउन खोजिएको छ । प्रकोप तथा स्रोत नक्साङ्कन वडा तथा गाउंपालिका स्तरीय भेलाबाट तयार पारिएको हो । सहभागितामूलक विधिवाट तयार पारिएको गेरुवा गाउँपालिकाको प्रकोप तथा सङ्कटासन्नता नक्सा चित्र ६ मा प्रस्तुत गरिएको छ। सहभागितामूलक विधिवाट तयार पारिएको वडा अनुसारको नक्साङ्कन अनुसूचि ४ मा प्रस्तुत गरिएको छ।




**चित्र ७ : गेरुवा गाउँपालिकाको प्रकोप तथा सामाजिक श्रोत नक्साङ्कन**

## ३.४ प्रकोप, बालीनाली तथा बनस्पति पात्रो

समुदाय र वडा स्तरमा गरिएको छलफल अनुसार गाउँपालिका भित्रमा कुन समयमा कुन प्रकोप हुन्छ भनेर छलफल गरी प्राप्त सूचनालाई यहा प्रस्तुत गरिएको छ । प्रकोप, बालीनाली तथा बनस्पति पात्रो र मौसमी पात्रो समुदाय र वडा अनुसार खासै फरक नहुने हुनाले अहिले यहाँ प्राप्त सूचनालाई समग्र पालिका स्तरको प्रकोप पात्रोको रुपमा प्रस्तुत गरिएको छ । पालिका स्तरको कार्यशाला गोष्ठीबाट यसलाई अध्यावधिक गरी अन्तिम रुप दिईएको छ ।

**क) प्रकोप पात्रो**

**तालिका नं. ७ : गेरुवा गाउँपालिकाको प्रकोप पात्रो**

| प्रकोप सूचकहरु | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | पहिले) | | | | | | प | | | | | | | समुदाय तथा वडा स्तरमा छलफल गर्दा पहिलेभन्दा मनसुनी वर्षा ढिला सुरु हुने र छिटै सकिने जानकारी प्राप्त भयो । मनसुनी वर्षामा देखिएको फरक अनुसार बाढी आउने समय पनि सोहि अनुसार परिवर्तन भएको पाइयो । साथै अनियमित र आकस्मिक वर्षा ले समेत बाढीको जोखिम बढेको कुरा छलफलका क्रममा उठेको थियो । समग्रमा वर्षातमा पानी पर्ने र बाढीको जोखिम बढी हुने समय १५ देखि २० दिन सम्म घटेको पाइयो |
| | अहिले | | | ते | | | प | | | | | | | |
| **हावाहुरी** | पहिले | | | | | | | | | | | | चौ | विगत २०/३० वर्षको तुलनामा हावाहुरिले प्रभाव पार्ने समय करिब ३० दिन ले फरक परेको पाइयो । |
| | अहिले | | | | | | | | | | | | | |
| **आगलागि** | पहिले | | प | | | | | | | | | | चौ | आगलागिको जोखिम र समय खासै परिवर्तन भएको देखिएन । |
| | अहिले | | प | | | | | | | | | | चौ | |
| **महामारी ( रोगव्याधी)** | पहिले | | | | | | | | | | | | | विगत २०/३० वर्षको समय र अहिलेको समयमा तुलना गर्दा माहामारी र रोगव्याधिको जोखिम बढेको पाइयो । पहिले भन्दा रोगब्याधी र महामारी को जोखिम करिब १ महिना बढी सम्म हुने कुरा समुदाय स्तरबाट जानकारी प्राप्त भयो ।<br>विगत एक वर्ष देखि विश्व व्यापी रुपमा फैलिएको कोरोना महामारीको त्रास गेरुवा गाउँपालिकामा समेत उत्तिकै मात्रामा रहेको पाइएको छ । कोरोना त्रास कै कारण भारत लगायत तेस्रो मुलुकमा कामको खोजीमा गएका स्थानीय हरु समेत घर फर्किएका छन । अहिले सम्म कहिले नदेखिएको नयाँ किसिमको संक्रमण र कुनै किसिमको औसधी समेत प्रभावकारी नभएकोले यसले गाउँ घरमा त्राशदी फैलाएको छ । |
| | अहिले | | | चौ | | | | | | | | | | |
| **सर्पको टोकाई** | पहिले | | | | | | | | | | | | | सर्पको टोकाईको अवधि १ महिना बढेको पाइयो |
| | अहिले | | | | | | प | | | | | | चौ | |

| प्रकोप सूचकहरु | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असिना | पहिले | | | | | | | | | | चौ | | चौ | फरक नदेखिएको |
| | अहिले | | | | | | | | | | चौ | | चौ | |
| शीतलहर | पहिले | | | | | | | | | | | | | विगत २०/३० वर्षको तुलनामा सितलहरको समस्या बढेको पाइयो । पहिलेको तुलनामा शीतलहर ढिला सुरु हुने तर पछि सम्म रहने कुरा स्थानीय बुढापाकाबाट थाहा भयो । पहिलेको तुलनामा शीतलहर अझ कडा (बढी चिसो) समेत हुने गरेको छ । |
| | अहिले | | | | | | | | | | | | | |
| सुख्खा खडेरी | पहिले | | | | | | | | | | | | चौ | विगत २०/३० वर्षको तुलनामा सुक्खा खडेरीको दिनहरु करिब १५ दिनले बढेको छ । |
| | अहिले | | दो | | | | | | | | | | चौ | |
| बालीमा रोगकिरा | पहिले | | | | प | चौ | | | | | | | | बाली नालीमा देखिने रोग किराको प्रकोप बिगतको तुलनामा धेरै मात्रामा बढेको पाइयो । वर्षातको समयमा विरलै देखापर्ने रोग किराको प्रकोप अहिले पुरै वर्ष भरी नै रहने गरेको छ । सबै खालको खेतीपातीमा अहिले आएर बिभिन्न किसिमका रोग किराको प्रभाव वर्ष भरी नै रहने गरेको छ जसले गर्दा उत्पादन बिस्तारै कम हुदै गएको र कृषकको जीवनयापन कठिन हुदै गएको पाइयो । |
| | अहिले | | | | | | | | | | | | | |
| छाडा चौपाया | पहिले | पहिले यो समस्या थिएन | | | | | | | | | | | | पहिले छाडा चौपायाको समस्या थिएन । घरमा पालिएका गाई वस्तुलाई सबैले आफ्नो घरमा व्यवस्थित हिसाबले पालन गर्थे र चरण क्षेत्रमा लगेर चरण पश्चात आफ्नो रेखदेखमा हेरचाह गरिन्थ्यो। तर अहिले सहरी क्षेत्र र गाउँ घरमा समेत छाडा चौपायाको समस्या दिनानुदिन बढ्दै गैरहेको छ र यो समस्या वर्षभरी नै हुने गर्छ । |
| | अहिले | | | | | | | | | | | | | |
| जंगली जनावरको आतंक | पहिले | | | | | | | | | | | | | पहिला जनावरहरु गाउँमा नपसी जंगलमै बस्थे भने यसको कारण घना जंगल थियो । |
| | अहिले | | | | | | | | | | | | | |
| मिचाहा जातिको प्रकोप | पहिले | पहिले यो समस्या थिएन | | | | | | | | | | | | पहिला खेतवारीमा मिचाहा जातिको वनस्पतिको समस्या कम थियो । तर अहिले जंगल तथा खेतबारीमा मिचाहा जातिको वनस्पतिहरु जताततै देखिन थालेका छन् । |
| | अहिले | | | | | | | | | | | | | |

नोट : पहिले भन्नाले २०/३० वर्ष अगाडी र अहिले भन्नाले पछिल्लो ५ वर्ष यता, प : पहिलो हप्ता, दो : दोस्रो हप्ता, ते : तेस्रो हप्ता, चौ : चौथो हप्ता

## ख) बाली र वनस्पती पात्रो

**तालिका नं. ८ : गेरुवा गाउँपालिकाको बाली र वनस्पती पात्रो**

| प्रकोप सूचकहरु | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीउ लगाउने | पहिले | | | दो | ते | | | | | | | | | धानको बीउ राख्ने समय पहिले भन्दा अहिले अगाडी सरेको छ । पहिले असार को दोस्रो हप्ता तिर बाट धानको विउ राख्ने गरिन्थ्यो भने अहिले जेठको दोस्रो हप्ताबाट नै धानको विउ राख्ने चलन छ । |
| | अहिले | | दो | ते | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | चौ | | ते | | | | | धान लागाउने अनुपातमा धान भित्र्याउने समय पनि परिवर्तन भएको छ साथै अहिले परम्परागत धानको विउ को सट्टामा आधुनिक जातको प्रयोग बढेको छ जसको बाली पात्रो पहिले भन्दा फरक छ । |
| | अहिले | | | | | चौ | | ते | | | | | | |
| मकै रोप्ने | पहिले | | | | | | | | | | चौ | दो | | फरक नदेखिएको तर विभिन्न जातका बेमौसमी खेतीको प्रयोग बढेको ले मकै रोप्ने र भित्र्याउने समय फरक परेको छ । |
| | अहिले | | | | | | | | | | चौ | दो | | |
| मकै पाक्ने | पहिले | | | चौ | दो | | | | | | | | | फरक नदेखिएको तर विभिन्न जातका बेमौसमी खेतीको प्रयोग बढेकोले मकै रोप्ने र भित्र्याउने समय फरक परेको छ । |
| | अहिले | | | चौ | दो | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | प | ते | | | | गहु छर्ने समयमा फरक देखिएको छ । पहिले मंसिरको पहिलो हप्ता देखि पुसको तेस्रो हप्ता सम्म गहुँ छर्ने गरिएकोमा अहिले कार्तिक को तेस्रो हप्ता बाटै सुरु गरेर मङ्सिर को तेस्रो हप्ता सम्ममा गहुँ छरेर सकिने गरिन्छ |
| | अहिले | | | | | | | ते | ते | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | | गहूँ काट्ने समय पनि गहूँ छरिएको अनुपात अनुसार नै परिवर्तन भएको छ । |
| | अहिले | दो | | | | | | | | | | | दो | |
| स्थानीय आँपमा फुल लाग्ने समय | पहिले | | | | | | | | | | | | | १ महिनाको फरक देखिएको तर स्थानीय जात हरु हराउदै गएका छन् |
| | अहिले | | | | | | | | | | | | | |
| आँपको फल पाक्ने समय | पहिले | | | | | | | | | | | | | फुल लाग्ने अनुपातमा पाक्ने समय परिवर्तन भएको |
| | अहिले | | | | | | | | | | | | | |
| अम्बामा फुल लाग्ने समय | पहिले | | | | | | | | | | | | | फरक नदेखिएको |
| | अहिले | | | | | | | | | | | | | |

नोट : पहिले भन्नाले २०/३० वर्ष अगाडी र अहिले भन्नाले पछिल्लो ५ वर्ष यता, प : पहिलो हप्ता, दो : दोस्रो हप्ता, ते : तेस्रो हप्ता, चौ : चौथो हप्ता

## ग) मौसमी पात्रो

**तालिका नं. ९ : गेरुवा गाउँपालिकाको मौसमी पात्रो**

| सूचकहरु | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तपक्रम | पहिले | | | | | प | | | | | | | | करिब ३० वर्ष पहिले र अहिलेको समयको तुलना गर्दा गर्मीका दिन करिब ३० दिनले बढेको पाइयो । पहिले पहिले बैशाख महिनामा सुरु भएर भदौको पहिलो हप्ता सम्म महसुस हुने गर्मि अहिले आएर चैत्रको चौथो हप्ता बाटै सुरु भएर भदौको अन्तिम सम्म रहने गरेको कुरा स्थानीयहरुले बताएका छन । |
| | अहिले | | | | | | | | | | | | चौ | |
| जाडोको दिन | पहिले | | | | | | | | | | | | | विगतको तुलनामा जाडोको दिनहरु करिब १५ दिनले घटेको पाइयो तर जाडोको मात्रा भने पहिले भन्दा बढेको छ । |
| | अहिले | | | | | ते | | | | | प | | | |
| मौसमी वर्षा | पहिले | | दो | | | प | | | | | | | | १ महिनाको फरक देखिएको |
| | अहिले | | चौ | | | चौ | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | प | | | हिउदे वर्षा हुने दिहरुमा खासै फरक नदेखिएको तर मात्रा चाही घटबढ हुने गरेको छ साथै अनियमित वर्षा समेत हुने गरेको पाइयो |
| | अहिले | | | | | | | | | | प | | | |
| असिना | पहिले | | | | | | | | | | | | | असिनाको लागि कुनै निश्चित समय किटान गर्न मुस्किल छ तर विगतको तुलनामा ७ देखि १० दिन जतिको फरक परेको छ । |
| | अहिले | | | | | | | | चौ | | | | | |
| तुसारो, शीतलहर | पहिले | | | | | | | | | | प | | | २० देखि ३० दिन जतिको फरक परेको छ तर सितलहर र तुसारो को मात्रा एकदम बढी भएको छ । पहिलेको तुलनामा तुसारो र शीतलहर एकदम बढेको छ । |
| | अहिले | | | | | | | दो | | | प | | | |
| पानीको सार्वजनिक श्रोत कुवा, धारामा पानीको पर्याप्तता | पहिले | | | | | | | | | | | | | पानीको स्रोतहरूमा पानीको उपलब्धता वर्षातको समयमा पर्याप्त हुने र हिउदमा कम हुने देखिएको छ, जुन विगत र अहिले पनि सोहि अनुपातमा रहेको छ । तर पानीको सार्वजनिक स्रोत हरुको प्रयोग विस्तारै कम हुदै गएकोले सोत हराउने र प्रयोग बिहिन भएका छन । अहिले व्यक्तिगत नल र धाराको प्रयोग बढेको छ । तर समग्रमा जमिनमुनि पानीको सतह तल गएको र |
| | अहिले | | | | | | | | | | | | | |

| सूचकहरु | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | नल र बोरिंगको गहिराइ बनाउनु परेको कुरा स्थानीय ले बताएका छन । |
| जमिन मुनीको पानीको सतहमा घटबढ | पहिले | | | | | | | | | | | | | जमिनमुनि पानीको उपलब्धता को बिषय सहजै अनुमान गर्न गाह्रो भए पनि नल र बोरिंग गाड्दा पहिले को भन्दा बढी गहिराइ बनाउनु परेको छ । यो जलवायु जन्य कारण भन्दा पनि मानिसको जनसंख्या बढेकोले पानीको बढी प्रयोग हुनु र बन जंगल कम भइ पानी रिचार्ज कम हुनसक्ने कुरा स्थानीय ले बताएका छन । |
| | अहिले | | | | | | | | | | | | | |
| मौसमी रोजगारी ( भारत तथा अन्य ठाउँमा) | पहिले | | | | | | | | | | | | | बार्है महिना भारत र तेस्रो मुलुक जाने क्रम बढेको छ साथै खेतीपाती गर्ने चलन बिस्तारै कम भएको छ । |
| | अहिले | | | | | | | | | | | | | |
| वन पैदावार (जस्तै निउरो आदि खोज्न जाने) | पहिले | | | | | | | | | | | | | वन पैदावारमा आधारित जिविकोपार्जन अहिले एकदम कम भएको छ । पहिलेको तुलनामा वन पैदावारको उपलब्धता समेत कम भएको छ । अहिले वन पैदावार को प्रयोग सहरी क्षेत्रमा समेत बढेकोले यसको प्राकृतिक उपलब्धता कम हुदै गएको छ । |
| | अहिले | | | | | | | | | | | | | |
| माछा घोंगी आदि बढी पाइने समय | पहिले | | | | | | | | | | | | | खासै फरक नदेखिएको तर माछा घोगी लगायतको उपलब्धता कम हुदै गएको छ । |
| | अहिले | | | | | | | | | | | | | |

नोट : पहिले भन्नाले २०/३० वर्ष अगाडी र अहिले भन्नाले पछिल्लो ५ वर्ष यता, प : पहिलो हप्ता, दो : दोस्रो हप्ता, ते : तेस्रो हप्ता, चौ : चौथो हप्ता

## ३.५ समुदाय तथा वडाहरुको सङ्कटासन्नता स्तरीकरण

गेरुवा गाउँपालिकाको वडा सङ्कटासन्नता स्तरीकरणको लागि वडाहरुबाट प्राप्त विपद्का घटनाहरुबाट भएको क्षति, प्रभावित परिवार संख्या, आर्थिक, भौतिक क्षति, खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, स्रोतको उपलब्धता तथा पहुँच, जनसंख्याको विश्लेषण, स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधि आदीको विश्लेषण स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ ले तय गरेको अङ्कभारअनुसार गरी यहाँ प्रस्तुत गरिएको छ । यो सूचनालाई पालिका स्थित सरोकारवालाहरु सित को छलफमा पुन अध्यावधिक समेत गरिएको छ । साथै वडा भित्र पहिचान भएका विभिन्न प्रकोपको आधारमा समुदायहरुलाई समेत उच्च, मध्यम र न्यून जोखिममा सहभागितामूलक तरिकाले गरिएको स्तरीकरण अनुसुचि ३ मा राखिएको छ । विगत ३० वर्ष यता गाउँपालिका क्षेत्रमा विभिन्न किसिमका प्रकोपहरुले गरेको क्षति र जोखिम तथा क्षति न्यूनीकरणको लागि समुदाय वडा र पालिका स्तरमा भएको क्षमताको आधारमा निर्देशिका अनुसार अंकभार दिदा प्राप्त सूचनालाई तालिका १३ मा प्रस्तुत गरिएको छ । यस विश्लेषणको आधारमा क्रमानुसार वडा न १,३,४ र ६ उच्च र २,५ नं. वडाहरु मध्यम संकटासन्न रहेको छ ।

**तालिका नं. १० : गेरुवा गाउँपालिकाको वडा अनुसारको सङकटासन्नता तथा क्षमता विश्लेषण**

| वडा नं | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का | वालि लगाउने वा भित्राउने | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्ने | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र | जम्मा | संकटासन्नता अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| २ | ४ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३८ | मध्यम |
| ३ | ६ | २ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ४ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ५ | २ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३६ | मध्यम |
| ६ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ३८ अंकभन्दा माथी उच्च संकटासन्नता, २४ देखि ३८ अंकभार मध्यम संकटासन्नता र २३ भन्दा तलअंकभार न्यून संकटासन्नता | | | | | | | | | | | | | | | | |

**कुल प्राप्त अंकभार**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| **कुल अंकभार** | **३९** | **३८** | **३९** | **३९** | **३६** | **३९** |
| **सङ्कटासन्नता स्तरीकरण** | **उच्च** | **मध्यम** | **उच्च** | **उच्च** | **मध्यम** | **उच्च** |

समुदाय र वडा स्तरबाट प्राप्त सूचनालाई पालिका स्तरको कार्यशाला गोष्ठीमा समेत छलफलको लागि प्रस्तुत गरिएको थियो, जसबाट समेत समुदाय र वडाबाट आएको सूचना यथार्थ नै रहेको छ। सो सूचनालाई प्रमाणीकरण सहित pair ranking विधि मार्फत छलफल र विस्लेषण गर्दा गेरुवा गाउँपालिकाका ६ वटा वडाहरुको सङ्कटासन्नता

को स्तरीकरणलाई तालिका नं. १४ मा देखाइएको छ, जसअनुसार समेत वडा नं. ६ सबै भन्दा बढी सङ्कटासन्न वडाको रूपमा देखिएको छ।

**तालिका नं. ११ : गेरुवा गाउँपालिकाको वडाको सङ्कटासन्नता स्तरीकरण (pair ranking)**

| वडाहरु | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| १ | | १ | १ | १ | १ | १ |
| २ | | | ३ | ४ | ५ | ६ |
| ३ | | | | ४ | ३ | ६ |
| ४ | | | | | ४ | ६ |
| ५ | | | | | | ६ |
| ६ | | | | | | |
| अंक | ५ | ० | २ | ३ | १ | ४ |
| स्तर | पहिलो | छैठौ | चौथो | तेस्रो | पाचौँ | दोस्रो |

## ३.६ प्रकोप जोखिम तथा समस्या विश्लेषण खाका

गेरुवा गाउँपालिकामा पहिचान भएका ९ वटा प्रकोपहरुमा बाढी मुख्य समस्याको रुपमा देखा परेको छ भने वडा **जंगलीजनावरको आतंक** दोस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । बढ्दो सवारी चापका कारण हुने गरेको **सवारी दुर्घटना** तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधारमा र **आगलागी चौथो, महामारी पाँचौ, शितलहर छैठौं, हावाहुरी सातौ, खडेरी आठौंमा र जलवायु परिवर्तन नवौंमा** स्तरिकरण भएको छ ।समुदाय र वडा स्तरमा प्रकोप स्तरीकरण गर्दा हामीले भूकम्पलाई pair ranking मा तुलना गरेका छैनौ। समग्रमा पश्चिम क्षेत्र भूकम्पीय हिसाबले उच्च जोखिममा भएकोले यसलाई पालिका स्तरमा छलफल गरिनेछ। भूकम्पको कारण र कारक तत्व हाम्रो नियन्त्रणमा नहुने हुनाले जोखिमका हिसाबले यो एक नम्बरमा रहन सक्छ। यसैगरी समुदायमा विपद् निम्त्याउने अन्य कारणमा जलवायु परिवर्तन, अधिकतम वर्षा, तापक्रममा बृद्धि, मानवीय लापरवाही, जनचेतनाको कमी, श्रोतको अभाव आदी रहेका छन। यस्ता कारणले निम्त्याउने असर र प्रभाव न्यूनीकरण गर्न पनि विपद् पुर्व, विपद्को समयममा र विपद् पश्चात व्यवस्थापनका क्रियाकलापहरु गर्नुपर्ने आवश्यकतालाइ मध्यनजर गर्दै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समावेश गरिएको छ। गेरुवा गाउँपालिकाको विगतको प्रकोपको घटनाको विश्लेषण गर्दा बाढी, शीतलहर, सडक दुर्घटना, सर्पदंशले मानवीय क्षति गरेको देखिन्छ भने समुदाय तथा वडा स्तरमा पहिचान भएका अन्य प्रकोपहरुले आर्थिक क्षति, भौतिक क्षति, सामाजिक क्षति र प्राकृतिक क्षति गरेकों देखिन्छ। विपद् लेखाजोखा गर्दा विगत ३० वर्ष देखिको घटनाहरुलाई आधार मानिएको थियो

भने सोहि अनुसार मौसमी, बाली र प्रकोप पात्रोको समेत निर्माण गरिएको थियो साथै समुदाय र वडाबाट प्राप्त सूचनालाई एकत्रित गरी गाउँपालिका स्तरमा हुने प्रमुख प्रकोपको विश्लेषण गरी यहाँ प्रसुत गरिएको छ, यसलाई पालिका स्तरको कार्यशाला गोष्ठीबाट अध्यावधिक गरिएको थियो ।

**तालिका नं. १२ :गेरुवा गाउँपालिकाको प्रकोप विश्लेषण खाका**

| क्र. सं. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|---|
| १ | भूकम्प | सचेतनाको अभाव, कमजोर संरचना निर्माण, पूराना संरचनाहरु, नीति कार्यान्वयनमा समस्या, क्षमताको अभाव, पूर्वतयारीको कमी अव्यवस्थित शहरीकरण<br>बसाई सराईको चाप | भौगोलिक अवस्थिती<br>भू-धरातलको वनोट परम्परागत मान्यता,<br>अवसरको कमी,<br>नीतिगत अस्थिरता<br>(भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु, भौतिक संरचानाको नष्ट,<br>पशुचौपाया क्षती,<br>प्राकृतिक सम्पदा ध्वस्त, आर्थिक अभाव, खाद्य समस्या, आन्तरिक द्वन्द्ध, महिला हिंसा | सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीति निर्माण, नीति कार्यान्वयन, पुर्व तयारी (सिप, साधान र स्रोत), प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको ब्यवस्थापन, आकासिमक कोष ब्यवस्थापन, भवन आचारसंहिताको पालना, सुरक्षित स्थान पहिचान, प्रवलिकरण तथा भुकम्प प्रतिरोधात्मक नीजि तथा सार्वजनिक संरचनाको निर्माण, सडक विस्तार तथा विकास, कृत्रिम घटना अभ्यास, |
| | बाढी, डुवान,कटान | नदि किनारमा बस्ती, सचेतनाको अभाव, पूर्वसुचनामा अविस्वास,<br>प्राकृतिक स्रोतको दोहन,<br>वन विनास,<br>अव्यवस्थित बसाई सराई, अविरल वर्षा, | कमजोर भु वनोट, भिरालो जमिन, अवसरको कमी,<br>नीतिगत अस्थिरता<br>(भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु भौतिक, संरचानाको नष्ट पशुचौपाया क्षती प्राकृति सम्पदा, खेतीयोग्य जमिन क्षती, भाडापखला, छालारोग, खाद्य आभाव, कुपोषण, महिला हिंसा, | व्यवस्थीत वृक्षारोपण तथा वन फडानी रोक्ने सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, पूर्व सुचना प्रणालीको विकास, अभिवृद्धि, न्यूनिकरणको उपायको स्थापना,<br>सुरक्षित स्थानको पहिचान गर्ने<br>पुर्व तयारी (सिप, साधान र स्रोत)<br>प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको ब्यवस्थापन, आकास्मिक कोष ब्यवस्थापन, कृत्रिम घटना अभ्यास, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | स्वास्थ्य समस्या ( भाडापखाला, डेन्गु, आँखा तथा | सचेतना आभाव, ढल निकासमा समस्या तथा नहुनु, ठोस तथा तरल फोहोर ब्यवस्थापनमा कमी | परम्परागत धारणा, नीतिगत अस्थिरता, स्वास्थ्य | मृत्यु, पारिवारीक तनाव, आर्थिक ब्ययभार, खाद्य आभाव, कुपोषण, बाल तथा मातृ | विभिन्न सरुवा रोगको वारेमा सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, खानेपानी शुद्धिकरण, पारिवारीक |

| | | | | | |
|---|---|---|---|---|---|
| | छालाजन्य रोग र प्रजनन स्वास्थ्य) | खुला दिसा पिसाव, प्लाष्टिक जन्य पर्दार्थको प्रयोग, वातावरण प्रदुषण, स्वास्थ्य सेवा पहुँचमा कमी, सार्वजनिक शौचालयमा कमी तथा व्यवस्थापन अभाव, विद्यालयमा छात्र छात्राको लागि अलग शौचालयको अभाव,स्वास्थ्य सम्वन्धि परम्परागत धारणा, | सेवाबारे जानकारीको अभाव ( सामाजिक, धारणगत) | मृत्यु, महिला हिंसा, | तथा सार्वजनिक शौचालयको व्यवस्था, पुर्व तयारी (दक्ष जनशक्ति, औषधी, प्रजनन स्वास्थ्य सामाग्री) ढल निकासको उचित प्रबन्ध, फोहर संकलन तथा व्यवस्थापनको प्रवन्ध, फोहर संकलन र विसर्जनको स्थानको पहिचान स्थानिय टोल विकास संस्थाको परिचालन र उचित व्यवस्थापन, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | सडक दुर्घटना | सडक सुरक्षा जचेतनामा कमी, सडक मर्मत सम्भारको कमी छाडा पशुचौपाया, बाटो पार गर्ने उचित प्रवन्धको कमी,<br><br>क्षमता भन्दा बढी भार बोक्नु<br><br>मादक प्रदार्थ सेवन गरि सवारी चलाउँनु<br><br>पुराना सवारी साधान र सवारी परिक्षण विना संचालन गर्नु । विद्यालय सडक नजिक तथा सडक पार गरी विद्यालय जानु पर्ने अवस्था, | भौगोलिक विकटता, साघुँरा तथा कच्ची सडक, नीतिको पालना अभाव, लापरवाही ( भौतिक, सामाजिक, धारणागत) | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचानाको नष्ट पशुचौपाया क्षती,<br><br>आर्थिक क्षती | सामुदायिक तथा विद्यालय कक्षा, सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br><br>नीतिगत कार्यान्वयनमा कडाई, सडक स्तरोन्ती तथा नयाँ निर्माण, सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना, पुर्व तयारी (सिप, साधान र स्रोत)<br><br>प्राथमिक उपचार, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | आगलागी | सचेतनाको अभाव, आगोजन्य निर्माण सामाग्रीको प्रयोग, परम्पराबादी बसोबास, सुख्खा मौसम, हुरीवतास, लापरवाही, अव्यवस्थित विद्युतिकरण, केटा केटीको पहुँचमा आगजन्य बस्तु | परम्परागत धारण, जंगल नजिक बस्ती, कमजोर आय स्रोत, परम्परागत भौतिक संरचना ( भौतिक, सामाजिक, धारणागत) | जनधनको क्षति ,वन्य पशु चौपायाको क्षति,भौतिक संरचनाको क्षती, विस्थापन, बसाईसराई र, मानिसहरु घाइते अपाङ्ग हुने । | आगोजन्य बस्तु राख्नमा होसीयारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि, पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोवासको व्यवस्था, अग्नी रेखाको निर्माण, दमकलको सेवामा वृद्धि, आग नियन्त्रणटोली गठन, दक्षता वृद्धि तथा परिचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | राख्नु, परम्परागत सोच, हेलचक्राई, | | | |
| | शितलहर | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतायरीका उपायहरुको जोहो ( दाउरा, खाद्य सामाग्री, तातो कपडा) मौसमी ासुचना प्रणालीको विकास र विस्तार, स्थानिय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन |
| | खडेरी | वन जंगलको विनास, उचित सिचाई ब्यवस्थापनमा कमी, परम्परागत खेती प्रणाली, बाताबरणमा आएको परिवर्तन, आगलागी, पानीका स्रोतहरु सुक्दै जानु, पानीको सतह घट्दै जानु, प्राकृतिक स्रोतको अनुचित र अत्याधिक प्रयोग | धारणागत, समाजिक र भौतिक | उत्पादनमा कमि, खाद्य अभाव, खानेपानीको समस्या, झाडापखला, छालारोग, आँखा संक्रमण जस्ता विभिन्न स्वास्थ्य समस्याहरु, | बृक्षारोपण, वन जंगलको संरक्षण अभियान, आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन, बैकल्पिक खेती प्रणालीको विकास र विस्तार, बेमौसमी खेतीमा प्रोत्साहन, पानीका स्रोतहरुको पहिचान र संरक्षण, |
| | हुरीबतास | कमजोर निर्माण, परम्परागत खेती प्रणाली, वन फडानी, भौगोलिक अवस्थिती मौसममा आएको बदलाव | भौतिक, सामाजिक र धारणागत | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचना नष्ट (घर तथा सार्वजनिक भवनहरुको छाना उडाउनु)अन्न बालीहरु नष्ट हुन, आगलागी हुनु, खाद्य अभाव, स्वास्थ्य समस्या, गरीबी | उचित भौतिक संरचना निर्माणमा जोड, हावाहुरी प्रतिरोधि निर्माण सिप विकास, बैकल्पिक बालीको विकास, मौसमी सुचना प्रणलीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार, सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार, प्राथमिक उपचार सिप र सामग्रीको ब्यवस्था, बृक्षरोपण |
| | जंगली जनावर | बर्दिया राष्ट्रिय निकुञ्ज किनारमा वस्ती नजिक जंगल तथा वन, वन फडानी, जंगलमा मानविय हस्तक्षेप, जंगलमा खाद्य अभाव, विस्तारित वस्तीका कारण वन अतिक्रमण | धारणगत, भौतिक, सामाजिक | घाइते, मृत्यु, स्वास्थ्यमा प्रतिकुल प्रभाव, खाद्यान्न बालीमा असर, | वन क्षेत्रमा घेराबार लगाउने, वन फडानी तथा चोरी निकासीमा बन्देज, जंगली जनावरको आहारजन्य वृक्षारोपण, समुदाय तथा बजारक्षेत्र प्रवेश गरेको जनावरहरुलाई जंगलतर्फ धपाउने समूह निर्माण र परिचालन |

## ३.७ संवेदनशीलताका क्षेत्र पहिचान तथा विश्लेषण

### क) संवेदनशीलता स्तरीकरण

जलवायु परिवर्तन, त्यसको प्रभाव तथा अनुकूलन क्षमताका आधारमा प्राकृतिक श्रोतहरुको पर्याप्तता यसको प्रयोग तथा उपयोगमा समुदाय समुदाय बीच हुने गरेका प्रतिश्पर्धाका आधारमा देखिएका संवेदनशीलताहरु र ती संवेदनशीलताले पारेको असर प्रभाव र त्यो असर प्रभावको स्तरलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। गाउँपालिका स्तरमा गरिएको कार्यशाला गोष्ठीमा गाउँपालिका क्षेत्रमा भएका संवेदनशीलताका क्षेत्रहरु पहिचान गरी pair ranking बिधि अनुसार स्तरीकरण गरिएको छ। संवेदनशील क्षेत्र पहिचान गर्दा र संबेदनशिलता स्तरीकरण गर्दा खासगरी सार्वजनिक प्राकृतिक श्रोतहरुको उपयोगको अवस्था र स्रोत माथिको स्वामित्वमा हुने विवाद र द्वन्दलाई केन्द्रमा राखिएको छ।

**तालिका नं. १३ : गेरुवा गाउँपालिकाको संवेदनशीलताका क्षेत्रको स्तरीकरण**

| संवेदनशीलता हरु | कुलो तथा पानीका श्रोतमा ह्रास | मानव वन्यजन्तु द्वन्द | सार्वजनिक जग्गा अतिक्रमण | वनश्रोतको कमि | विद्युत | बाटो निकास | जग्गा/जमिन डुबान तथा कटान |
|---|---|---|---|---|---|---|---|
| **कुलो तथा पानीका श्रोतमा ह्रास** | | मानव वन्यजन्तु द्वन्द | सार्वजनिक जग्गा अतिक्रमण | कुलो तथा पानीका श्रोतमा ह्रास | कुलो तथा पानीका श्रोतमा ह्रास | कुलो तथा पानीका श्रोतमा ह्रास | जग्गा/जमिन डुबान तथा कटान |
| **मानव वन्यजन्तु द्वन्द** | | | मानव वन्यजन्तु द्वन्द | मानव वन्यजन्तु द्वन्द | मानव वन्यजन्तु द्वन्द | मानव वन्यजन्तु द्वन्द | जग्गा/जमिन डुबान तथा कटान |
| **सार्वजनिक जग्गा अतिक्रमण** | | | | सार्वजनिक जग्गा अतिक्रमण | सार्वजनिक जग्गा अतिक्रमण | सार्वजनिक जग्गा अतिक्रमण | जग्गा/जमिन डुबान तथा कटान |
| **वनश्रोतको कमि** | | | | | वनश्रोतको कमि | वनश्रोतको कमि | जग्गा/जमिन डुबान तथा कटान |
| **विद्युत** | | | | | | बाटो निकास | जग्गा/जमिन डुबान तथा कटान |
| **बाटो निकास** | | | | | | | जग्गा/जमिन डुबान तथा कटान |
| **जग्गा/जमिन डुबान तथा कटान** | | | | | | | |
| **अंकभार** | ३ | ५ | ४ | २ | ० | १ | ६ |
| **स्तरीकरण** | चौथो | दोस्रो | तेस्रो | पाचौं | सातौ | छौठौ | पहिलो |

### ख) संवेदनशीलता विश्लेषण

प्राकृतिक श्रोतको प्रयोग तथा व्यवस्थापनका दौरान समुदायले अनुभव गरेको संवेदनशीलताहरुमा कुलो तथा पानीका श्रोतमा ह्रास, मानव वन्यजन्तु द्वन्द, सार्वजनिक जग्गा अतिक्रमण, वनश्रोतको कमि, विद्युत, बाटो निकास, जग्गा/जमिन डुबान तथा कटान रहेका छन्। व्यवस्थित ढल निकास नहुनु, नदिजन्य पदार्थको मापदण्ड अनुसार उत्खनन नहुनु, आवश्यकता अनुसार वृक्षारेपण र तटबन्धन नहुनु, विपद् समाधानमैत्री विकास नहुनु, अतिवृष्टि हुनु जस्ता कारणले जग्गा/जमिन डुबान तथा कटान बढी संबेदनशील क्षेत्रको रुपमा रहेको छ। त्यसैगरी मानव वन्यजन्तु द्वन्द, सीमाना विवाद जस्ता क्षेत्रहरु समेत संम्बेदनशील क्षेत्रका रुपमा रहेका छन। गाउँपालिका स्तरीय कार्यशाला गोष्ठीमा गरिएको छलफल अनुसार पहिचान गरिएका संवेदनशील क्षेत्रहरु, ति क्षेत्रहरु संबेदनशील हुनुका कारण र त्यसबाट समुदायमा परेको प्रभावहरुलाई तालिका १७ मा देखाइएको छ।

**तालिका नं. १४ : गेरुवा गाउँपालिकाको संवेदनशीलताका क्षेत्र विश्लेषण**

| कारण | संवेदनशीलताका क्षेत्र | प्रभाव तथा असर | प्रभाव तथा असरको स्तर (१-४), न्युन १, मध्यम २, उच्च ३ र अति उच्च ४ |
|---|---|---|---|
| • जग्गा धनीलाई मुआब्जाको व्यवस्था नहुनु<br>• जनचेतनाको कमी<br>• कानुनी रुपमा पनि बाधा | • **बाटो निकास** (६ वटै वडामा) | • विस्थापन<br>• खेतीयोग्य जमिनको कमी<br>• आपसी मनमुटाव | २ |
| • सुकुम्बासी समस्याको उचित व्यवस्थापन नहुनु<br>• अव्यवस्थित बसोबास<br>• पहिलेदेखि भोगचलन गरेको जग्गा फिर्ता गर्न नमान्नु<br>• कानुनको सही कार्यान्वयन नहुनु | • **सार्वजनिक जग्गा अतिक्रमण** | • द्वन्द्वको सिर्जना<br>• सार्वजनिक सम्पतिको क्षति<br>• विकास निर्माणमा समस्या<br>• खेलमैदानको अभाव<br>• गौचरणको अभाव/सामुदायिक पशुचौपायाको समस्या | २ |
| • कुलो अतिक्रमण/मास्नु<br>• नहरको उचित व्यवस्थापन नहुनु | • **कुलो पानीको श्रोतमा ह्रास** | • वालीको सिंचाईमा समस्या<br>• अन्न/खाद्यन्न उत्पादनमा ह्रास<br>• भोकमरीको समस्या<br>• आयश्रोतमा समस्या | २ |
| • ढल निकास व्यवस्थापन नहुनु<br>• नदिजन्य पदार्थको मापदण्ड अनुसार उत्खनन नहुनु।<br>• आवश्यकता अनुसार वृक्षारेपण र तटबन्धन हुन नसकेको।<br>• विपद् समाधानमैत्री विकास हुन नसकेको।<br>• अतिवृष्टि हुनु | • **जग्गा/जमिन डुबान तथा कटान** | • जनधनको क्षति<br>• खेतीयोग्य जमिनमा ह्रास<br>• महामारीको समस्या<br>• खानेपानीको समस्या<br>• कृषिजन्य वस्तुको उत्पादनमा ह्रास<br>• शिक्षा, स्वास्थ्य र रोजगारीमा समस्या | ३ |

| कारण | संवेदनशीलताका क्षेत्र | प्रभाव तथा असर | प्रभाव तथा असरको स्तर (१-४), न्युन १, मध्यम २, उच्च ३ र अति उच्च ४ |
|---|---|---|---|
| • वनमा आहाराको कमि<br>• वन विनास<br>• बार बन्देज व्यवस्थित नहुनु<br>• विकास निर्माण कार्यलाई पनि व्यवस्थित गर्न नसक्नु<br>• वन्यजन्तु बासस्थानमा मानिसहरुको आवत जावतमा वृद्धि । | • **मानव तथा वन्यजन्तु द्वन्द्व** | • वाली नालीको क्षति (२००-३०० कुईन्टल अन्न<br>• मानवीय क्षति (यो वर्षमा १ जना )<br>• घरपालुवा जनावरमा क्षति ( २०-३० वटा मारेको) | २ |
| • जनसंख्या वृद्धि र वन फडानी<br>• आगलागि<br>• भुमिहिन समस्या/अतिक्रमण<br>• डुवान/कटान<br>• विकास योजना (जस्तै सडक, रानीजमरा ) | • **वनश्रोतको कमी** | • पानीका श्रोत कमी हुदै जानु<br>• मानब तथा वन्यजन्तु विच द्वन्द्व बढ्नु<br>• वातावरण प्रदुषण<br>• घाँस, दाउरा, काठको कमि हुनु<br>• खडेरी र भुक्षय बढनु<br>• वन्यजन्तुको लोप हुदै जानु<br>• भुक्षय हुनु | २ |
| • विद्युतिकरण अव्यवस्थित हुनु<br>• विद्युतिय तारको व्यवस्थापन नहुनु<br>• अव्यवस्थित पोल | • **विद्युतिकरण** | • विद्युतबाट आगलागि हुनु<br>• धनजनको क्षति<br>• मनमुटाव हुनु | १ |

## ग) संवेदनशीलता वृक्ष विश्लेषण

तलको चित्र ८ र ९ मा जलवायु जन्य जोखिम र प्राकृतिक श्रोतको प्रयोग तथा व्यवस्थापनका दौरान उत्पन्न हुने समस्या तथा ती श्रोतमा पहुचको कारणले सृजना हुने मुख्य दुई वटा संवेदनशीलताको यर्थात अवस्था प्रस्तुत गरिएको छ । रुखको जराले संवेदनशीलताको कारण, काण्डले मुख्य संवेदनशीलता र हाँगा पातले प्रभाव असरको गरिएको छ ।




*चित्र ८ : संवेदनशीलता वृक्ष विश्लेषण (क)* **मानव तथा वन्यजन्तु द्वन्द्व**




*चित्र ९ : संवेदनशीलता वृक्ष विश्लेषण (ख)* **जग्गा/जमिन डुबान तथा कटान**

## ३.८ गेरुवा गाउपालिकाको अनुकूलन क्षमता विश्लेषण

प्रकोपहरु सित लड्न अथवा सामना गर्नकोको लागि समुदाय, वडा र समग्र गाउँपालिका सित के कस्तो क्षमता छ भनेर पत्ता लगाउन स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ बमोजिम विभिन्न औजारहरु हरु प्रयोग गरेर यसलाई आँकलन गर्ने कोसिस गरिएको छ । समुदाय र वडा स्तरबाट प्राप्त सूचना र पालिका स्तरको कार्यशाला गोष्ठीमा भएको छलफलबाट प्राप्त सूचनाहरुलाई समेत समेटेर तलको तालिकामा प्रस्तुत गरिएको छ । क्षमता विश्लेषण गर्दा समुदाय र वडा स्तरमा रहेका प्राकृतिक, भौतिक, सामाजिक, आर्थिक र मानवीय

श्रोतहरुलाई पहिचान गरिएको छ । यी ५ ओटै क्षेत्रमा भएको क्षमतालाई विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात प्रयोग र परिचालन गर्न सकेमा सम्भावित विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने देखिन्छ ।

प्रकोपहरुको सामना गर्न समुदायको क्षमता के कति छ भनेर विभिन्न शिर्शकहरु अर्न्तगत रहि आँकलन गरिएको क्षमता विश्लेषण गर्दा समुदाय र वडा स्तरमा रहेका प्राकृतिक, भौतिक, सामाजिक, आर्थिक र मानवीय श्रोतका रुपमा विश्लेषण गरिएको छ । यसमा पूर्वसूचना तथा संचार, डुंगा, लाईफ ज्याकेट, डोरी, ट्युव, पौडन सक्ने, प्रार्थमिक उपचारको ज्ञान सिप, कृषि तथा अन्य प्राविधिक, उद्दार टोली गठन र तालिम, अस्थायी आश्रय स्थल तथा भण्डारण घर, राहत सामग्रीहरुको उपलब्धता, सेवा प्रदायकहरुसँगको सम्बन्ध र सहयोग, समुदायको सहभागिता, विमा, सहकारी, संघ, संगठन तथा समिति, सार्वजनीक, पर्ति जग्गा जमिन, सामाजिक सचेतना, राजनैतिक दलहरुमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सङ्कटासन्न समुदायमा पुग्ने सडक, एम्बुलेन्सको व्यवस्था, प्रकोप पिडितहरुलाई सहयोग गर्ने सस्कृति, भवन निर्माण आचारसहिता, बाली विमा, पशु विमा, वित्तीय प्रणाली आदि क्षेत्रमा गाउँपालिकाको क्षमता विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरिएको सङ्कटासन्नता र जोखिमको सामना गर्न, जोखिम व्यवस्थापन गर्न समुदायसंग के कस्ता क्षमता विद्यामान छन् भनेर पहिचान गर्न आवश्यक पर्दछ ।

गेरुवा गाउँपालिकाको समुदाय स्तरमा गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरमा गरिएको प्रमाणीकरण कार्यशालाबाट प्राप्त स्रोत, साधन र क्षमताको उपलब्धता लाई तलको तालिका नं. १८ मा देखिएको छ। वडा अनुसारको विवरण अनुशुची ३ मा दिइएको छ।

**तालिका नं. १५ : गेरुवा गाउँपालिकाको स्रोतको उपलब्धता र क्षमताको अवस्था**

| विवरण | मौज्दात रहेको कार्यालय वा निकाय | सङ्ख्या (कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | |
| पुल, पुलेसा (झोलुङ्गे, काठ र पक्कि) | गाउँपालिका भित्र | | गाडी आवत जावत गर्न मिल्ने | |
| सानाठुला गरी सडक | गाउँपालिका भित्र | | गाडी आवत जावत गर्न मिल्ने | |
| बाँध | गाउँपालिका भित्र | | वस्ती तथा जमिन कटानमा रोक | |
| विद्यालय भवन | गाउँपालिका भित्र | | १ देखि स्नातक सम्म | |
| सुरक्षित आवास तथा स्थान, | गाउँपालिका भित्र | | विपद् परेको समयमा जम्मा हुन सकिने | |
| मैदान | गाउँपालिका भित्र | | | |
| सामुदायिक चर्पी | गाउँपालिका भित्र | | सौचका लागि प्रयोग गर्न मिल्ने | |
| (मोवाईल, रेडीयो, टिभि) सञ्चारका साधन | गाउँपालिका भित्र | | सूचना आदानप्रदान | |
| यातायतका साधन | गाउँपालिका भित्र | | आवत जावतमा प्रयोग गर्न मिल्ने | |
| पूर्वसूचना प्रणाली | गाउँपालिका भित्र | | प्रकोप सम्बन्धी सूचना | |
| लाइफ ज्याकेट | गाउँपालिका भित्र | | उद्धार गर्न मिल्ने | |
| कल्भर्ट | गाउँपालिका भित्र | | आवत जावत गर्न मिल्ने | |
| साईरन | गाउँपालिका भित्र | | पुर्व सूचनाका लागि प्रयोग | |

| विवरण | मौज्दात रहेको कार्यालय वा निकाय | सङ्ख्या (कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| **मानव संसाधन** | | | | |
| स्वास्थ्य कर्मी | गाउँपालिका भित्र | | विपद् प्रभावित व्यक्तिहरुको उचार | |
| तालिम प्राप्त स्वयंसेवक | गाउँपालिका भित्र | | विपद्मा परेका व्यक्तिहरुलाई व्यवस्थापन | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | गाउँपालिका भित्र | | स्वास्थ्य सम्वन्धी जनचेतना | |
